# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि,२०८३

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारबाट उद्योग, वाणिज्य, आपूर्ती, उपभोक्ता हित संरक्षण, वन, वातावरण, वन्यजन्तु, जडिबुटी विकास, पर्यटन पूर्वधार निर्माण तथा पर्यटन प्रवर्द्धन, भू-तथा जलाधार संरक्षणतर्फका स्वीकृत वार्षिक विकास कार्यक्रम व्यवस्थित, पारदर्शी, प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि,२०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान व्यवस्थापन कार्यविधि नियम" भन्नाले कर्णाली प्रदेश सरकारबाट स्वीकृत प्रचलित अनुदान कार्यविधि नियम, २०७७ सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने व्यक्ति, समुह, सहकारी, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने स्वीकृत वार्षिक विकास कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका कार्यक्रम कार्यान्वयन गर्ने डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालय र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालयलाई समेत जनाउँछ।

(ङ) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग सम्झनु पर्छ।

(च) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि लगानी गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ज) "लक्षित समूह" भन्नाले अनुदान पाउन योग्य युवा, दलित, महिला, आदिवासी जनजाती, पिछडिएको समुदाय, अल्पसंख्यक, अपाङ्ग सिमान्तकृत वर्ग वा समुदायका उद्यमी सम्झनु पर्छ।

(झ) "लाभग्राही" भन्नाले स्थानीय स्रोत साधनको प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सृजना हुने उद्यमशिलता विकासका लागि सहयोग प्राप्त गर्ने दर्तावाला उद्यमी सम्झनु पर्छ।

## परिच्छेद-२
## कार्य सञ्चालनको पूर्व तयारी तथा व्यवस्थापन

३. **खर्चको अख्तियारी तथा अभिलेखको व्यवस्थाः** बजेट तथा कार्यक्रम सम्बन्धी मार्गदर्शन र प्रदेश सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली बमोजिम खर्च गरी प्रतिवेदन गर्ने तथा अभिलेख राख्ने दायित्त्व अख्तियारी प्राप्त अधिकारीको हुनेछ।

४. **कार्ययोजना तयारी गर्नु पर्नेः** (१) मन्त्रालयका विषयगत महाशाखा तथा कार्यालयले प्रदेश सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली अनुसार स्वीकृत वार्षिक कार्यक्रमहरुको कार्यान्वयन अवधि, बजेट बाँडफाँट, जिम्मेवार अधिकारी र अनुगमन सूचक खुल्ने कार्ययोजना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गरी मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

५. **जिम्मेवारी तोक्नु पर्नेः** अख्तियारीप्राप्त अधिकारीले कार्यक्रम सञ्चालन, कार्यान्वयन तथा अनुगमनको लागि सम्बन्धित कर्मचारीलाई कार्यविवरण सहित जिम्मेवारी तोक्नु पर्नेछ।

६. **स्थानीय तहसँग समन्वयः** मन्त्रालय वा अन्तर्गतका आयोजना वा कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ।

७. **सम्भाव्यता अध्ययनः** आयोजना सञ्चालन गर्दा वर्तमान अवस्था, आयोजनाको आवश्यकता, नक्सा, डिजाइन, सहयोगी वा सहकार्य गर्ने निकाय वा संस्था र सो आयोजनाका चुनौती तथा जोखिम समेत खुलाई आवश्यकता अनुसार सम्भाव्यता अध्ययन वा आयोजना दस्तावेज प्रतिवेदन तयार गर्नु वा गराउनु पर्नेछ।

८. **विशेषज्ञ सेवा लिन सकिनेः** कार्यक्रमको प्रकृति हेरी कुनै अध्ययन, अनुसन्धान वा प्राविधिक सेवा वा कामका लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सकिनेछ र त्यसरी परामर्श वा विशेषज्ञ सेवा लिने प्रक्रिया प्रचलित सार्वजनिक खरिद सम्वन्धी कानून र कर्णाली प्रदेश खर्च मापदण्डमा उल्लेख भए बमोजिम हुनेछ।

९. **खरिद योजना तथा लागत अनुमान तयार गर्नुपर्नेः** (१) कुनै पनि सार्वजनिक निर्माण, मर्मत सम्भार, सामग्री वा सेवा वा परामर्श सेवा खरिद सम्वन्धी कार्य गर्नुपूर्व सम्बन्धित प्राविधिक वा विशेषज्ञ वा सेवा खरिद गर्दा सो बापत लाग्ने इकाई र लागत अनुमान तयार गरी अख्तियारीप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परामर्श सेवा खरिद सम्बन्धी कार्य गर्नुपूर्व कार्यक्रमको उद्देश्य बमोजिम कार्यक्षेत्रगत शर्त समेत तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

१०. **खरिद इकाइबाट निर्णय गराउनु पर्नेः** कार्यालयले खरिद इकाईबाट निर्णय गराएर मात्र खरिद कार्य गर्नु पर्नेछ र त्यस्तो खरिदको निर्णय अख्तियारीप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनु पर्नेछ।

११. **कार्यादेश दिएर काम गराउन सकिनेः** स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको प्रतिकूल नहुने गरी अख्तियारीप्राप्त अधिकारीले कुनै सरकारी निकाय, मातहत कार्यालय वा पदाधिकारी तथा सरोकारवाला संस्था वा सेवा प्रदायकसँग सम्झौता गरी कायदेश दिई कार्यक्रम कार्यान्वयन गराउन सक्नेछन्।

## परिच्छेद-३

## अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन प्रक्रिया

१२. **अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन प्रक्रियाः** (१) स्वीकृत बार्षिक कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउने कार्यक्रम अनुदान व्यवस्थापन कार्यविधि नियम बमोजिम हुनेछ।

१३. **अनुदानग्राहीको छनौटः** (१) कार्यालयले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी यस कार्यविधि बमोजिम अनुदानप्राप्त गर्न चाहने उद्यमी, समूह, सहकारी, फर्म वा कम्पनीबाट अनुदानको लागि सामान्यतया मंसिर मसान्त सम्ममा आवेदन माग गर्नेछ र यसरी आवेदन माग गर्दा चैत्र मसान्तभन्दा पछि माग गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन मध्येबाट अनुदानग्राही छनौट गर्दा अनुदान कार्यविधि नियम समेतलाई आधार लिई मूल्याङ्कन गरिनेछ।

(३) अनुदानसँग सम्बन्धित कार्यक्रमको लागि प्रस्ताव आव्हान गर्दा सूचनामा रहने विषयहरु अनुसूची-१ र आवेदनको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(४) आवेदक वा प्रस्तावको मूल्याङ्कन तथा छनौट सम्बन्धी प्राविधिक मापदण्ड, सूचनाको सार्वजनिकीकरण तथा सञ्चालन विधि मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

१४. **निर्देशक समिति**ः (१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) अधिकृतस्तर नवौ तहको प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) अधिकृतस्तर नवौ तहकोप्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) अधिकृतस्तर नवौ तहको प्रतिनिधि, कर्णाली प्रदेश योजना आयोग -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(च) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(छ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय -सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सरोकारवाला निकायका अधिकृत प्रतिनिधि वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार**ः (१) दफा १४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदान प्रक्रियाको सहजीकरण गर्ने,

(ख) अनुदान सम्बन्धी काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याहरुको समाधान तथा विवाद निरूपण गर्ने,

(घ) अनुदान व्यवस्थापन कार्यविधि नियमको दफा १० बमोजिमको समन्वय समितिसँग समन्वय गर्ने,

(ङ) अनुदान सम्बन्धि गुनासो ब्यवस्थापन गर्ने।

(२) निर्देशक समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **छनौट समितिको गठन**ः (१) यस कार्यविधि बमोजिम अनुदानग्राही छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहनेछः-

(क) कार्यालय प्रमुख (सम्बन्धित कार्यालय) -संयोजक

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक वा प्रदेश लेखा इकाई कार्यालयको अधिकृत प्रतिनिधी -सदस्य

(ग) सुर्खेत जिल्लाको हकमा मन्त्रालयको कानून अधिकृत -सदस्य

(घ) सम्बन्धित महाशाखा वा शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना सम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) अनुदानमा सञ्चालन हुने प्रति कार्यक्रमको छनौट तथा मूल्याङ्कनको कार्य बढीमा तीन वटा बैठकभित्र सम्पन्न गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले छनौट सम्बन्धी मापदण्ड तयार गरी अनुदानग्राही छनौट गर्नु पर्नेछ।

१७. **<u>अनुदान रकमको सीमा</u>**: यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान रकमको सीमा विनियोजन ऐनमा उल्लेख भएको भए सोही बमोजिम र सो नभएमा अनुदान कार्यविधि नियम बमोजिम हुनेछ।

१८. **<u>अनुदानग्राहीसँग सम्झौता गर्नु पर्ने</u>**: (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारिण भएपछि अनुदानग्राहीसँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु वा गर्नुपर्ने लगानी रकमको सुनिश्चितताको लागि सम्झौता गर्नुअघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) कार्यालयमा पेश गर्नु पर्नेछ।

तर लक्षित वर्ग तथा कार्यालयले जमानत आवश्यक नठानेको कार्यक्रमका लागि जमानत आवश्यक पर्ने छैन।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि मात्र कार्यालयले अनुदानतर्फको रकम भुक्तानी दिनेछ।

(४) कार्यालयले आवश्यक देखेमा पेश्की दिन सक्नेछ। पेश्की दिंदा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम गरिने सम्झौता पत्रमा अनुदानग्राहीले कार्य शुरु र सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैङ्कको शाखा वा कार्यालय, आवधिक रूपमा कार्यसम्पन्न गर्नु पर्ने भए सो विषय र सोही बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका उल्लेख गर्नु पर्नेछ।

(६) जेठ महिनाभित्र अनुदान सम्बन्धी सम्पुर्ण कार्य सम्पन्न गर्नु पर्नेछ।

१९. **<u>प्राविधिक मूल्याङ्कन, अनुगमन तथा योजनागत अभिलेखन</u>**: (१) सम्झौता बमोजिम कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भए पछि भुक्तानी दिनु पूर्व सम्बन्धित प्राविधिकबाट अनुगमन गरी वा गराई अनुसूची-४ बमोजिमको सिफारिस र योजनागत अभिलेखहरु संलग्न राख्नु पर्नेछ।

(२) मन्त्रालय तथा मातहतका निकायले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा अनुसूची-५ मा उल्लेख भएका विषयहरु समेट्नु पर्नेछ।

(३) कार्यालयले अनुदानसँग सम्बन्धित कार्य सम्पन्न भएपछी अनुसूची - ६ बमोजिमको ढाँचामा कार्य र खर्चको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२०. **<u>अनुदानको भुक्तानी बैङ्क खाता मार्फत हुने</u>**: (१) अनुदानग्राहीलाई भुक्तानी हुने रकम बैङ्क खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम र सम्झौता पत्रमा उल्लेख नभएको हकमा कार्यालय प्रमुखले तोकेको जिम्मेवार प्राविधिक (फोकल पर्सन) ले स्थलगत निरीक्षण तथा अनुगमन बमोजिम तयार गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा हुनेछ।

(३) कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम कम्तिमा दुई किस्तामा भुक्तानी दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले शत प्रतिशत कार्य सम्पन्न गरेपछि अनुदानको एकमुष्ट रकम माग गरेमा एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सोको स्थलगत प्रमाणिकरण नभएसम्म अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुने छैन।

(६) जिन्सी सामान, उपकरण, मेसिनरी, लघु, घरेलु तथा औद्योगिक मेसिनरी औजार उपकरण, वस्तुगत सहायता लगायतका सामग्री खरिदको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम खरिद गरी कार्यालयबाटै हस्तान्तरण हुने व्यवस्था मिलाउन सकिनेछ।

२१. <u>असुल उपर र कारवाही</u>: (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित हुने (मुचुल्का, स्थानीय तहको सिफारिस/प्रहरी प्रतिवेदन कागजात) प्रमाण सहित एक महिनाभित्र अनुदानप्राप्त गरेको कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित कार्यालयले अनुदानग्राहीले पेश गरेको निवेदन र कार्यालयको राय सहितको फाइल खडा गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम फाइल प्राप्त भएमा मन्त्रालयले आवश्यक छानवीन गरी आवश्यक निर्णय गर्नेछ र यसरी मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(५) यस कार्यविधि बमोजिम भएको सम्झौता अनुसार काम नगर्ने तथा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरुपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा मातहतका निकायबाट भविष्यमा कुनै पनि अनुदान उपलव्ध गराइने छैन।

(६) यस कार्यविधि बमोजिम सम्झौता भई अनुदानप्राप्त गरेका अनुदानग्राहीले अनुदान रकम दुरुपयोग गरेको पाइएमा त्यस्तो अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नु पर्नेछ।

२२. <u>गुनासो व्यवस्थापन</u>: (१) अनुदान सम्बन्धी कुनै गुनासो भएमा अनुदानग्राहीले सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासो निरुपण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरुपण उपर चित्त नबुझेमा अनुदानग्राहीले निर्देशक समिति समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर निर्देशक समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको सम्बन्ध आवश्यक निर्णय गर्नेछ र यसरी समितिले गरेको निर्णय अन्तिम हुनेछ।

२३. **<u>दोहोरो सुविधा लिन नपाउने</u>**: अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकाय तथा एक भन्दा बढी कार्यक्रमको लागि मन्त्रालय अन्तर्गतका कार्यालयहरूबाट अनुदान प्राप्त हुने छैन।

तर अन्य साझेदार निकायसंग स्पष्टसंग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

२४. **<u>जिम्मेवार हुने</u>**: (१) प्रदेश सरकारको स्रोत सहितको अनुदान उपयोग गर्दा अनुदानग्राहीले वित्तिय अनुशासन तथा उत्तरदायित्व वहन गर्नु पर्नेछ।

(२) अनुदानग्राहीले अनुदान प्राप्त गर्नु अघि कार्यालयले तोकेको ढाँचामा प्रतिवद्धता जाहेर गर्नु पर्नेछ।

(३) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(४) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

## परिच्छेद-४

## <u>बार्षिक कार्यक्रम कार्यान्वयन विधि</u>

२५. **<u>वन तथा वातावरण सम्बन्धी कार्यक्रम कार्यान्वयन</u>**: (१) कार्यालयले वन तथा वातावरणसँग सम्बन्धित अनुदानसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्दा परिच्छेद-३ मा उल्लेख भए बमोजिमको विधि र प्रक्रिया अवलम्वन गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका अनुदान बाहेकका कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको लक्ष्य तथा उद्देश्य अनुरुप अमानत विधिबाट वा कर्मचारीलाई कार्यादेश दिई कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म सबै सब-डिभिजन वन कार्यालय वा सरोकारवाला समावेश हुने गरी गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम समुदायस्तरमा गर्ने विभिन्न प्रकारका तालिम, गोष्ठी र सचेतनामुलक कार्यक्रम वन उपभोक्ता समुहहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम कार्यक्रम उपभोक्ता समूहबाट कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम बार्षिक लेखापरीक्षण तथा नविकरण गरेका र स्थायी लेखा नम्बर प्राप्त गरेका उपभोक्ता समुहलाई प्राथमिकता दिई गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापको कार्यान्वयन विधि अनुसूची-७ को खण्ड (क) मा उल्लेख भए बमोजिम हुनेछ।

२६. **<u>एकिकृत भू- तथा जलाधार संरक्षणका कार्यक्रम कार्यान्वयन</u>**: (१) भू-तथा जलाधार संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा कार्यालयले क्रियाकलाप कार्यान्वयन हुने सम्भाव्य स्थल पहिचान गरी स्थलगत निरीक्षण तथा आधारभूत तथ्याङ्क सङ्कलनको कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्भाव्य स्थल पहिचान भएपछि उपभोक्ता समिति गठन गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधीको रोहवरमा उपभोक्ता समुह वा समिति गठन गर्नु पर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन गर्नुअघि कार्यालयले क्रियाकलापमा विनियोजित बजेटको सिमाभित्र रही सर्भे, डिजाइन, ड्रइङ्ग तथा लागत अनुमान तयारी गरी स्वीकृत गर्नु पर्नेछ। यसरी लागत अनुमान तयार गर्दा स्वीकृत कार्यक्रम बजेटको पाँच देखि पन्ध्र प्रतिशतसम्म रकम जलाधार क्षेत्रमा बायोइन्जिनियरिङका कार्यमा खर्च गर्ने गरी लागत अनुमान तयारी तथा स्वीकृत गर्नु पर्नेछ।

(४) कार्यक्रम सुरुवात गर्नुभन्दा अगाडी प्रत्येक स्थानको क्रियाकलाप समेटिने गरि एक दिनको प्रविधि सम्बन्धी अभिमुखिकरण तालिम दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमका कार्यक्रम सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम उपभोक्ता समुह वा ठेक्काका माध्यमबाट गर्न सकिनेछ।

(६) यस दफा बमोजिम कार्यसम्पन्न पश्चात सम्बन्धित उपभोक्ता समुह वा निर्माणकर्ताले सम्बन्धित कार्यक्रमको सार्वजनिक सुनुवाई सहित कार्यालयमा अन्तिम नापँजाँच गरी मुल्याङ्कन तथा भुक्तानीको लागि निवेदन प्राप्त भए पश्चात कार्यालयले प्राविधिक कर्मचारी खटाई स्थलगतरुपमा नापजाँच गरी नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनु पर्नेछ।

(७) यस दफा बमोजिम कार्यक्रम सञ्चालन गर्दा वन तथा भू-संरक्षण विभागको भू- संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम र क्रियाकलाप (परिभाषा, उद्देश्य, दायरा र कार्य रणनीति) तेश्रो संस्करण, २०७२, भू संरक्षण तथा जलाधार व्यवस्थापनका उपाय तथा कम खर्चिलो प्रविधि, २०६२ लाई अनुसरण गर्न सकिनेछ।

(८) सुर्खेत उपत्यकाको उत्तरी जलाधार तथा बहुवर्षिय रुपमा सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्नुपूर्व कार्यक्षेत्रको जलाधार क्षेत्र समेटी जनसंख्याको आधारमा समुह सञ्जाल गठन गरी समुहको सहभागिता जुटाउने तथा निर्मित संरचनाको रेखदेख र मर्मत सम्भारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ।

(९) यस दफा बमोजिम सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन विधि अनुसूची-७ को खण्ड (ख) मा उल्लेख भए बमोजिम हुनेछ।

२७. <u>पर्यटन पुर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन</u>ः (१) पर्यटन पुर्वाधार निर्माण क्रियाकलाप प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र अख्तियारी तथा बजेट खर्च सम्बन्धी मार्गदर्शन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

(२) पर्यटन पुर्वाधार निर्माण कार्य गर्दा क्रियाकलापमा उल्लेख भएकै स्थानमा कार्यान्वयन गर्नु पर्नेछ यसरी पूर्वाधार निर्माण गर्दा जग्गा प्राप्ति आवश्यक भएमा सो सम्बन्धि कार्य सम्पन्न भएपछि मात्र निर्माण कार्य सुरु गर्नु पर्नेछ।

(३) बहुवर्षिय तथा पचास लाख रुपैयाँभन्दा बढी रकम विनियोजन भएका पर्यटन पूर्वाधार निर्माणका कार्य गर्नुपूर्व विनियोजित बजेटको सिमाभित्र रही लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरेर मात्र गर्नु पर्नेछ।

तर पचास लाख रुपैयाँभन्दा कम रकम विनियोजन भएका बहुवर्षिय बाहेकका पर्यटन पुर्वाधार निर्माण कार्य कार्यालयले सोझै लागत अनुमान र डिजाइन तयार गरी कार्यान्वयन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम पर्यटन पूर्वाधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा त्यस्ता कार्य वन क्षेत्रभित्र पर्ने भए वन ऐन, २०७६ र प्रचलित वातावरण संरक्षण सम्बन्धी कानूनको अधिनमा रही कार्यान्वयन गर्नु पर्नेछ।

(५) पर्यटन पूर्वाधारको निर्माण सम्पन्न भएपछि पूर्वाधारको दिगो संरक्षण तथा व्यवस्थापन हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(६) यस दफा बमोजिम पर्यटन प्रवर्द्धनसँग सम्बन्धित क्रियाकलापको कार्यान्वयन अनुसूची-७ को खण्ड (ग) मा उल्लेख गरिएको विधि तथा प्रक्रिया बमोजिम गर्नु पर्नेछ।

२८. **उद्योग तथा उपभोक्ता हित संरक्षणका कार्यक्रम कार्यान्वयन**: (१) सम्बन्धित कार्यालयले उद्योग तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा परिच्छेद-३ मा उल्लेख भए बमोजिमको विधि र प्रक्रिया अवलम्वन गरी गर्नु पर्नेछ।

(२) यस दफा बमोजिम उद्योग तथा उपभोक्ता हित संरक्षण सम्बन्धित क्रियाकलापको कार्यान्वयन अनुसूची-७ को खण्ड (घ) मा उल्लेख गरिएको विधि तथा प्रक्रिया बमोजिम गर्नु पर्नेछ।

२९. **पूँजीगत अनुसन्धान तथा परामर्श सम्बन्धी कार्यक्रम कार्यान्वयन**: (१) पूँजीगत अनुसन्धान तथा परामर्श सम्बन्धी कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रमको उद्देश्य बमोजिम वस्तुपरक कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयारी तथा स्वीकृत गरी गर्नु पर्नेछ।

(२) अध्ययन अनुसन्धान सम्बन्धी प्रतिवेदन स्वीकार गर्दा कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम भए नभएको पुनरावलोकन गरी मात्र स्वीकार गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा बमोजिम भए गरेका अध्ययन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

३०. **प्रतिवेदन तथा अभिलेखन सम्बन्धी व्यवस्था**: प्रत्येक कार्यालयले सम्पादित कार्यक्रमहरुको फोटो तथा श्रब्यदृश्य सामग्रीहरु तयार गर्नुको साथै आयोजनाको पूर्ववत अवस्था र कार्यसम्पन्न भएपछि आयोजनाको विस्तृत विवरण खुलाई वार्षिक प्रगति प्रतिवेदन कार्यालयमा अभिलेख राखी सोको एकप्रति मन्त्रालयमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रगति प्रतिवेदनमा आयोजनाले सृजना गरेको रोजगारीको संख्या पनि समावेश गर्नु पर्नेछ।

३१. **सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नु पर्ने**: (१) कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी बनाउन कार्यक्रम कार्यान्वयन गर्ने गराउने कार्यालयले सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदान सम्बन्धी विवरण वेबसाइटमा र सो नभएको हकमा सूचनापाटी वा वुलेटिन मार्फत नियमित रूपमा अद्यावधिक गरी प्रकाशन गर्नुका साथै उक्त विवरणहरु मासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) मन्त्रालयले अनुदान विवरणको अभिलेख राखी सोको अद्यावधिक गर्नु पर्नेछ।

(४) सञ्चालन भएको कार्यक्रमको कार्यक्रम कार्यान्वयन स्थलमा जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

३२. **सम्झौता गर्ने निकाय**: कार्यक्रम सञ्चालन गर्ने अख्तियारी प्राप्त कार्यालयले कार्यक्रम सञ्चालनको सम्झौता गर्नेछ।

३३. **<u>अनुगमन तथा मूल्याङ्कन</u>**: (१) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार सम्बन्धित कार्यालय र मन्त्रालयबाट हुनेछ।

(२) उपदफा (१) बाहेक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सरोकारवाला मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत गर्न सक्नेछ।

(३) जिल्ला समन्वय समितिको प्रमुख, जिल्ला प्रशासन कार्यालय, सम्बन्धित स्थानीय तह, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र आवश्यकता अनुसार विषयविज्ञको समेतको सहभागितमा कार्यक्रमको अनुगमन तथा सहजीकरण गर्न सकिनेछ र यसरी गरिने अनुगमनमा प्रदेश सभाका सदस्यहरूलाई समेत आमन्त्रण गर्नु पर्नेछ।

३४. **<u>सम्झौता बमोजिम हुने</u>**: (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलाप र निर्माण गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्वस्वीकृति नलिई तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तिमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ।

३५. **<u>कार्यक्रमको प्रभावकारिता</u>**: (१) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित वनाउन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनासँग दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) प्रदेशमा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरूबाट सञ्चालित मन्त्रालयसँग सम्बन्धित कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

३६. **<u>प्रचलित कानून र विषयक्षेत्रगत कार्यविधि बमोजिम हुने</u>**: यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम बाहेकका स्वीकृत वार्षिक विकास कार्यक्रम प्रचलित सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र मन्त्रालय वा प्रदेश सरकारले बनाएको विषयक्षेत्रसँग सम्बन्धित कार्यविधि वा मापदण्ड बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

३७. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: (१) यस कार्यविधिमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्दा यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र नभएकोमा प्रचलित कानून, प्राविधिक मापदण्ड तथा नर्म्समा उल्लेख भए बमोजिम हुनेछ।

३८. **<u>अनुसूचीमा संशोधन</u>**: मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा संशोधन, थपघट वा हेरफेर गर्न सक्नेछ।

अनुसूची -१

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

**<u>प्रस्ताव आव्हान गर्दा सूचनामा समावेश गर्नु पर्ने विषयहरु</u>**

(क) कार्यक्रम/ आयोजनाको नाम,

(ख) कार्यक्रम/आयोजनाको उद्देश्य,

(ग) कार्यक्रम/आयोजनाका मुख्य-मुख्य क्रियाकलाप,

(घ) अनुदान उपलब्ध गराउन सकिने क्रियाकलाप,

(ङ) अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात,

(च) अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्त,

(छ) कार्यक्रम सञ्चालन हुने स्थान,

(ज) अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने साझेदारी,

(झ) अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा,

(अ) लाभान्वित संख्या देखिने उपलब्धी मुल्याङ्कन सूचक,

(ट) निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनु पर्ने प्रक्रिया,

(ठ) कार्यक्रम व्यवस्थापन गर्ने निकायले आवश्यक ठानेका अन्य विषय।

अनुसूची-२

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

**<u>अनुदानको लागि पेश गर्ने आवेदनको ढाँचा</u>**

मितिः

**विषयः अनुदान उपलब्ध गराइ दिनु हुन।**

श्रीमान् ........................... ज्यू

...........................................

महोदय

तहाँ मन्त्रालय/कार्यालयबाट मिति...........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको .............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

<u>तपसिल</u>

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तहः

वडा नं

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नाको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

**<u>निवेदक</u>**

लाभान्वित समूह/लघु,घरेलु तथा औद्योगिक सहकारी संस्था/लघु,घरेलु तथा औद्योगिक फर्म/उद्यमी

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन

मितिः

संस्थाको छाप

अनुसूची-३

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सम्झौताको ढाँचा</u>**

यो सम्झौता पत्र........../मन्त्रालय/कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ........... लघु, घरेलु तथा औद्योगिक फार्म /उद्यमी ............ गा.पा/नपा ............ वडा नं ...... टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

यो सम्झौता, सम्झौता भएको मिति ............................... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरी मिति.....................साल................महिना.....गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

(१) यस सम्झौता बमोजिमको ............. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आंफैले गर्नु पर्नेछ। दोस्रो पक्ष आंफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

(२) सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी................) र दोस्रो पक्षको लागत सहभागितारु..........(अक्षरेपी) व्यहोरिनेछ।

(३) दोस्रो पक्षले सम्झौता बमोजिमको ................. कार्यक्रम अन्तरगत.....................व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघसंस्थावाट सहयोग, अनुदान आदी प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

(४) दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(५) दोस्रो पक्षले ....................कार्यक्रम अन्तर्गत........................व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

(६) प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

(७) दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

(८) दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेटअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउने छ।

(९) सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

(१०) कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू

(११) कार्यक्रमको विस्तृत लागत अनुमान, डिजाइन संलग्न भए बमोजिम हुनेछ।

(१२) भुक्तानी हुने खाता नम्वरः नामः खाता नम्वरः

(१३) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

**पहिलोपक्ष** **दोस्रो पक्ष**

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यालयको छाप | संस्थाको छाप |

**रोहवर**

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

अनुसूची-४

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

## भुक्तानी गर्नु पूर्व पूरा गर्नु पर्ने प्रक्रिया तथा अभिलेखहरु

(१) कार्य सम्पन्न भए पश्चात समुहले सम्पन्न कामको विवरण, फोटो र फर्म, कम्पनी, समुह वा समितिको निर्णय सहित कार्यालयमा निवेदन गर्नु पर्नेछ।

(२) कार्य सम्पन्न भएको जानकारी प्राप्त भए पछी सम्बन्धित प्राविधिक खटाइ सकेसम्म स्थानीय जनप्रतिनिधि समेतको सहभागितामा ३ लाख भन्दा माथीको कार्यक्रमको हकमा सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ।साथै ५० लाख भन्दा बढिको आयोजनाको हकमा जिल्ला समन्वय समितिको सहभागितामा अनुगमन भएको हुनु पर्नेछ।

(३) सम्झौता अनुसारको कार्य सम्पन्न भए पश्चात सोको प्राविधिक प्रतिवेदन र सम्बन्धित स्थानीय तह, वडा कार्यालयको सिफारिस सहित कार्य सम्पन्न भएको जानकारी लिखित रुपमा गर्नु पर्नेछ।

(४) प्राप्त जानकारी अनुरुप कार्य सम्पन्न भए नभएको स्थलगत निरीक्षण गरी सोको प्राविधिक प्रतिवेदन पेश भए पछि लागत इस्टिमेट मध्ये सम्पन्न कामको भुक्तानी गरिनेछ।

(५) कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले प्रचलित कानुन बमोजिम प्राविधिक जाँचपास हुनुपर्ने आयोजना तथा कार्यक्रमको योग्यता पुगेका प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

(६) यसरी भुक्तानी गर्दा निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा (उपभोक्ता समिति मार्फत भएमा) गरेर मात्र भुक्तानी दिनु पर्नेछ ।

(७) भुक्तानी दिनु अघि कार्यसम्पन्न प्रतिवेदन, ठेक्का विल, सार्वजनिक लेखापरीक्षण प्रतिवेदन (उपभोक्ता समिति मार्फत भएमा), सुपरीवेक्षण तथा अनुगमन प्रतिवेदन (फोटो सहित) समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। कार्यादेश प्राप्त कर्मचारीले खर्चको विलभर्पाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

(८) स्थलगत निरीक्षण गरी पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुरुप कार्य सम्पन्न भए नभएको एकिन गरी जाँचपास प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

(९) अन्तिम भुक्तानी वा पेश्की फछ्र्यौटको लागि भिडियो र फोटो सहितको सुपरीवेक्षण तथा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

अनुसूची-५

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

**अनुगमन तथा मूल्याङ्कन गर्दा समेट्नु पर्ने विषयहरु**

(१) कार्यालयले अनुगमन तथा मूल्याङ्कनका लागि कार्यालयको संगठन संरचना र उपलब्ध जनशक्तिको आधारमा अनुगमन तथा मुल्याङ्कनका लागि जिम्मेवारी तोक्नु पर्नेछ। योजनाको सम्झौता संगै कार्यदिश संगै अनुगमन गर्ने अधिकारी तोकेर निजले सो क्रममा गर्नु पर्ने कार्यहरु तोकिदिनु पर्नेछ।

(२) अनुमगनकर्ताले योजनाको सम्झौता स्वीकृत लागत अनुमान, ड्रईङ र डिजाईन अनुसार आयोजनागत प्रोफाइल तयार गर्न आवश्यक विवरणहरु समेत समेटी अनुगमनका क्रममा भर्नु पर्ने फाराम तयार गरी स्वीकृत गराउनु पर्नेछ।

(३) हरेक योजनाको आयोजनाको सूचना पाटी राखिने ब्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(४) अनुमगनकर्ताले उपभोक्ता समुहमा पनि अनुगमन समिति गठन गरी समुहका तर्फबाट अनुगमन गर्ने प्रवन्ध मिलाउनु पर्नेछ।

(५) उपभोक्ता समुह वा कामदारलाई स्वीकृत लागत ईष्टमेट, डिजाईनका बारेमा प्रष्ट जानकारी दिनु पर्ने छ र काम शुरु गर्नु पहिले कामको विषयमा अनिवार्य रुपमा अभिमुखीकरण गरीएको हुनु पर्ने छ। त्यस्तो अभिमुखीकरणमा उपस्थित हुने सहभागीहरुको अभिलेख समेत राख्नु पर्नेछ।

(६) अनुगमनकर्ताले आयोजना शुरु हुन पूर्व, आयोजना कार्यान्वयनको अवधि र आयोजना समाप्ती पछि गरी कम्तिमा ३ पटक अनुगमन गरी सो बेलाको फोटो र भिडीयो संलग्न गरेको हुनु पर्ने र कार्यालय प्रमुखले सो कुराको अनुगमण र निरिक्षण गरी सुनिश्चित गर्नु पर्नेछ। कार्यालय प्रमुखले कार्यको प्रकृति हेरी मासिक, द्धैमासिक, चौमासिम कार्यतालिका तयार गरी अनुगमन र पृष्ठपोषण गर्नु पर्नेछ।

(७) कार्य सम्पन्न भएपछी स्थानीय जनप्रतिनिधी, वडा प्रतिनिधि समेतको सहभागीतामा सार्वजिनक सुनुवाई गर्नु पर्नेछ।

(८) निश्चित रकम (५० लाख) भन्दा बढीको अनुगमन तथा मूल्याङ्कनमा जिल्ला समन्वय समितिका प्रमुख वा प्रतिनिधिलाई सहभागि गराउनु पर्नेछ। मन्त्रालय आवश्यकता अनुसार रुपमा उपरोक्त अनुसार भए नभएको अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ।

(९) मन्त्रालय वा सम्बन्धित कार्यालयबाट अनुगमन गर्दा अनुगमन सूचक निर्धारण गरी सोको प्रतिवेदन समेत बनाई पेश गर्नु पर्नेछ र त्यसरी पेश भएको प्रतिवेदन मन्त्रालय वा सम्बन्धित कार्यालयमा अभिलेखिकरण गर्नु पर्नेछ।

अनुसुची-६

(दफा १९ को उपदफा ३ सँग सम्बन्धित)

**सम्पन्न काम र खर्चको प्रतिवेदन ढाँचा**

कार्यक्रमको नामः...........................................................

अनुदान प्रदान गर्ने निकायको नामः..................................................

अनुदानग्राहीको नामः.........................................................................

कार्यक्रम सञ्चालन अवधिः ........................................................................

लाभान्वित संख्या) क्षेत्रगत विस्तृतमा)...................................................................

कार्यक्रममा अन्य कुनै साझेदार निकाय भएमा नाम.........................साझेदारीको रकम......................

| क.स. | क्रियाकलाप | अनुदान रकम रु. | लक्ष्य (इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/ चौमासिक/ अर्धवार्षिक/ वार्षिक/ अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |
| | | | | | | | | | |

<u>ठोस प्रगति/उपलब्धिः</u>

१..........................................................................................

२.................................................................................................

३...........................................................................................

<u>कार्यालय प्रमुख</u>

दस्तखतः

नामः....................

पदः.............................

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी मन्त्रालयले प्रगति प्रतिवेदनको ढाँचा तयार गर्न सक्नेछ। मन्त्रालयका प्रत्येक महाशाखाले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा मातहतका निकायबाट प्रतिवेदन प्राप्त गरी मन्त्रालयगत प्रतिवेदन तयार गर्नु पर्नेछ।

## अनुसूची-७
## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गर्ने विधि
(दफा २५ को उपदफा (६), दफा २६ को उपदफा (९), दफा २७ को उपदफा (६) र दफा २८ को उपदफा (२) सँग सम्बन्धित)

### खण्ड (क)
### वन तथा वातावरण संरक्षणका कार्यक्रम कार्यान्वयन विधि

| | |
|---|---|
| **कार्यक्रमको नामः** | **जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक** |
| पृष्ठभूमि र उद्देश्य | जिल्लाभित्रको वन, वातावरण तथा जैविक विविधता संरक्षणको लागि जिल्लास्तरमा सहजिकरण गर्ने उद्देश्यले वन नियमावली, २०७९ को नियम १२२ को उपनियम (१) बमोजिम गठित जिल्ला वनक्षेत्र समन्वय समितिको बैठक नियमितरुपमा सम्पन्न गर्न यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक वर्षमा कम्तिमा एक पटक र आवश्यकता अनुसार थप बैठकहरु बसी जिल्लाका वार्षिक कार्यक्रमहरुको जानकारी गराउने र वर्षको अन्तिममा आर्थिक वर्षभित्र भए गरेका कार्यहरुको प्रगति र सोको विवरण जानकारी गराउनु पर्नेछ। |
| बजेट खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भएको रकम बैठक सञ्चालन गर्ने प्रयोजनको लागि कर्णालीको प्रचलित खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक** |
| पृष्ठभूमि र उद्देश्य | जिल्लाको राष्ट्रिय वनको सुरक्षा गर्न, वन अपराधका घटनाहरु घट्न नदिन तथा वन अपराध नियन्त्रण गर्नको लागि वन नियमावली, २०७९ को नियम ११८ बमोजिम गठित जिल्ला वन सुरक्षा समन्वय समितिको नियमित बैठक सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | जिल्ला वन सुरक्षा समन्वय समितिको नियमित बैठक प्रत्येक तीन महिनामा कम्तिमा एक पटक र आवश्यकता बमोजिम थप बैठकहरू बस्न सक्नेछ। उक्त बैठकहरूमा वन सुरक्षाको समग्र अवस्थाबारे समितिका पदाधिकारीहरूलाई जानकारी गराउने तथा आवश्यक निर्णयहरू गर्नु पर्नेछ। |
| बजेट खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भएको रकम बैठक सञ्चालन प्रयोजनका लागि कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाईको बैठक** |
| पृष्ठभूमि र उद्देश्य | वन्यजन्तु अपराध नियन्त्रण एकाई आदेश, २०८० को दफा ५ मा बमोजिमको जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाई (DWCCB) को बैठक सञ्चालन गरी जिल्लामा हुने वन्यजन्तु अपराधको नियन्त्रणका लागि आवश्यक समन्वय गर्न यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रम अन्तर्गत जिल्ला वन्यजन्तु अपराध नियन्त्रण इकाइ (DWCCB) को बैठक अर्धवार्षिक रूपमा आयोजना गरी त्यसका निर्णयहरूको जानकारी प्रदेश वन्यजन्तु अपराध नियन्त्रण इकाइको सचिवालयमा पेश गर्नु पर्नेछ। |
| बजेट खर्च गर्ने | यस कार्यक्रममा विनियोजन भएको रकम बैठक सञ्चालन प्रयोजनका लागि कर्णाली |

| | |
|---|---|
| विधि | प्रदेशको प्रचलित खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **स्थानीय तहस्तरिय समन्वय बैठक** |
| पृष्ठभूमि र उद्देश्य | डिभिजन वन कार्यालय र जिल्लाभित्रका स्थानीय तहहरु बीच समन्वय बढाउदै वन, वातावरण तथा जैविक विविधता संरक्षणमा स्थानीय तहको सहभागिता अभिवृद्धी गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रम अन्तरगत जिल्लाभित्रका सबै स्थानीय तहहरूमा वर्षमा कम्तीमा एक पटक समन्वय बैठक आयोजना गर्नु पर्नेछ। उक्त बैठकमा स्थानीय तहका प्रमुख, उपप्रमुख, सम्बन्धित विषयगत समितिका संयोजक, प्रमुख तथा स्थानीय सरोकारवालाहरूलाई सहभागी गराउनु पर्नेछ। यो कार्यक्रम सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत सञ्चालन हुनेछ। सम्बन्धित सब-डिभिजन वन कार्यालयका प्रमुखलाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने स्थानीय तहहरूको संख्याका आधारमा कायदिश दिई आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिभित्र यो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भएको रकम बैठक सञ्चालन प्रयोजनका लागि कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **जिल्ला वन सुरक्षा योजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्य | जिल्ला भित्रको वन, जैविक विविधता तथा वातावरणको संरक्षण तथा सबै प्रकारका वन अपराध नियन्त्रणका कार्य गर्ने तथा सोही प्रयोजनका लागि अन्य सुरक्षा निकायहरुसँग समन्वय एवम् सहकार्य गर्न उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रमको कार्यान्वयनको लागि प्रत्येक डिभिजन वन कार्यालयले जिल्लाको वन सुरक्षाको समग्र अवस्था र वन सुरक्षा सम्बन्धी चुनौतीको पहिचान तथा चुनौती सामना गर्नको लागि आर्थिक वर्षको प्रथम त्रैमासिक भित्र वन नियमावली २०७९ को नियम ११८ को उपनियन (२) बमोजिम *जिल्ला वन सुरक्षा योजना* तयार गरी जिल्ला वन सुरक्षा समन्वय समितिबाट अनुमोदन गराउनु पर्नेछ। अनुमोदित वन सुरक्षा योजना बमोजिम देहाय बमोजिमका क्रियाकलापहरु गर्नु पर्नेछः-<br>✓ वन अपराध नियन्त्रणको लागि गस्ती परिचालन गर्ने,<br>✓ वन अपराध नियन्त्रणको लागि अन्य सुरक्षा निकाय परिचालन गर्ने,<br>✓ वन अपराध नियन्त्रणको लागि जिल्लाको वन सुरक्षा योजना बमोजिमको कार्यहरु गर्ने।<br>आर्थिक वर्षको अन्त्यमा जिल्लाको बार्षिक वन सुरक्षा प्रतिवेदन तयार गरी जिल्ला वन सुरक्षा समिति र मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| बजेट खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भएको रकम जिल्ला वन सुरक्षा समितिको बैठक भत्ता, खाजा, स्टेसनरी, वन गस्ती परिचालन गर्दा वन कर्मचारीलाई खाजा/दैनिक भ्रमण भत्ता, अन्य सुरक्षा निकाय परिचालन गर्दा दैनिक भ्रमण भत्ता, सवारी साधन ईन्धन तथा मर्मत जस्ता क्रियाकलापमा कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **वन अपराधको सूचना सङ्कलन** |
| पृष्ठभूमि र उद्देश्य | जिल्लास्तरमा हुने अतिक्रमण, चोरी शिकार तथा चोरी निकासी जस्ता वन अपराधहरुको गोप्यरुपमा सूचना सङ्कलन गरी वन अपराध नियन्त्रण गर्ने उद्देश्यले यो कार्यक्रम |

| | |
|---|---|
| | राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-<br>✓ डिभिजनल वन अधिकृतले गोप्य रूपमा सम्भव भएसम्म प्रत्येक स्थानीय तहमा कम्तीमा एक जनाको दरले वन अपराध सम्बन्धी सूचना सङ्कलक वा सूचक परिचालन वा नियुक्त गर्नु पर्नेछ।<br>✓ नियुक्त सूचकले नियमित रूपमा डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतलाई वन अपराध सम्बन्धी सूचना उपलब्ध गराउनु पर्नेछ। कुनै पनि वन अपराधको सूचना प्राप्त हुनासाथ डिभिजन वन कार्यालयले वा सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत तत्काल अपराध नियन्त्रणका लागि कारबाही अघि बढाउनु पर्नेछ।<br>✓ नियुक्त वा परिचालित सूचकहरूबाट प्राप्त सूचना तथा सो सम्बन्धमा भए/गरेका काम-कारबाहीको विवरण खुलाई डिभिजनल वन अधिकृतले तोकेको अधिकृतले मासिक प्रतिवेदन पेश गर्नु पर्नेछ। उक्त प्रतिवेदन मन्त्रालयको सम्बन्धित महाशाखाले जुनसुकै समयमा अनुगमन वा सुपरीवेक्षण गर्न सक्नेछ। |
| बजेट खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजित बजेटबाट कर्णाली प्रदेशको प्रचलित भ्रमण खर्च नियमावली तथा खर्च मापदण्ड बमोजिम यस सम्बन्धी कार्य गर्ने अधिकारी र सूचकलाई सञ्चार खर्च र सूचकलाई कार्यसम्पादनको आधारमा सहायक स्तरको भ्रमणभत्ता उपलब्ध गराउन सकिनेछ। |
| **कार्यक्रमको नामः** | **वन अनुसन्धान तहकिकात तथा अभियोजन** |
| पृष्ठभूमि र उद्देश्य | वन तथा वन्यजन्तु अपराध सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र अभियोजन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रमबाट देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-<br>✓ वन मुद्दाको अनुसन्धान, तहकिकात तथा अभियोजन कार्य,<br>✓ बरामद भएका मालवस्तुको ढुवानी एवम् व्यवस्थापन,<br>✓ आवश्यकता बमोजिम अनुसन्धान गर्न दर्जा पुगेका कर्मचारीहरुलाई मुद्दामा अनुसन्धान सम्बन्धि क्षमता विकास तालिम।<br>कार्यालयले आर्थिक वर्षको अन्तमा वर्षभरी अनुसन्धान तथा तहकिकात भई अभियोजन भएका मुद्दाको विवरण मन्त्रालयमा पठाउनु पर्नेछ। |
| बजेट खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित रकम कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड, भ्रमण खर्च नियमावली तथा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम देहाय क्रियाकलापहरुमा खर्च गर्न सकिनेछः-<br>✓ वन अनुसन्धान सम्बन्धी आवश्यक फाराम छपाई तथा स्टेसनरी,<br>✓ वन अनुसन्धानमा खटिने कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता तथा यातायात खर्च,<br>✓ आरोपितहरुलाई पक्राउ गर्नुपर्दा लाग्ने गाडिभाडा एवम् यातायात खर्च, |

| | |
|---|---|
| | ✓ वन अनुसन्धानमा सहयोगको लागि खटिने सुरक्षा निकायका कर्मचारीहरुलाई भत्ता,<br>✓ सवारी साधनको लागि इन्धन तथा मर्मत खर्च,<br>✓ बरामद भएका मालवस्तुको चिरानी ढुवानी तथा व्यवस्थापन खर्च,<br>✓ अनुसन्धानको लागि हिरासतमा रहँदासम्मको प्रचलित कानून बमोजिम आरोपीहरुलाई उपलब्ध गराईने सिदा वा राशन। |
| **कार्यक्रमको नामः** | **वरामद काठको व्यवस्थापन** |
| पृष्ठभूमि र उद्देश्य | डिभिजन वन कार्यालयहरुले वन कसुरमा वरामद गर्ने काष्ठ तथा गैरकाष्ठजन्य वन पैदावारहरुको व्यवस्थापन कार्यलाई सहजिकरण गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रम अन्तरगत वन मुद्दामा वरामद हुने काष्ठजन्य तथा गैरकाष्ठजन्य वन पैदावारहरुको तत्काल ढुवानी, लोड/अनलोड गर्ने कार्यहरु गरिनेछ। |
| बजेट खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भई खर्च भएको रकम वरामद वन पैदावार लिलाम विक्रीको सूचनामा नै सङ्कलन खर्च/वरामद व्यवस्थापन खर्च शिर्षक उल्लेख गरी उक्त रकम समेत बोलपत्र सकारकर्ताबाट सोधभर्ना गराई प्रदेश सरकारको राजश्व खातामा दाखिला गराउनु पर्नेछ।<br><br>यस कार्यक्रम अन्तरगत रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र स्वीकृत जिल्ला दररेट बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **सव-डिभिजन वन कार्यालयको संस्थागत विकास** |
| पृष्ठभूमि र उद्देश्य | वन संरक्षण तथा व्यवस्थापन कार्यमा संलग्न सब-डिभिजन वन कार्यालयहरूको संस्थागत विकास गरी वन र वातावरणको संरक्षणका साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | यो कार्यक्रम सब-डिभिजन वन कार्यालयका प्रमुखहरु सहितको उपस्थितिमा बैठक बसी उक्त बैठकमा भएको निर्णय बमोजिम देहायका क्रियाक्रलापहरु सञ्चालन गर्न सकिनेछः-<br><br>✓ **कार्यालय व्यवस्थापनः** सव-डिभिजन वन कार्यालयको सेवा प्रवाहको लागि आवश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि पेपर, स्टेसनरी तथा मसलन्द समाग्रीहरु तथा अन्य आवश्यक समाग्रीहरु जस्तैः कार्पेट, पर्दा, दराज, कुर्सी, टेवल खरिद तथा व्यवस्थापन गर्ने,<br>✓ **आवास व्यवस्थापनः** सव-डिभिजन वन कार्यालयको आवास व्यवस्थापन (कर्मचारीहरुलाई आवासीय व्यवस्थापन गर्नको लागि कार्यालयमा रहने |

| | |
|---|---|
| | आवासीय समानहरु) गर्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस शीर्षकमा विनियोजित रकम खर्च गर्दा सम्बन्धित सब-डिभिजन वन कार्यालयका कर्मचारीहरूको बैठकको निर्णयअनुसार आवश्यक संस्थागत सुधारका कार्यहरूको माग डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ र त्यसरी गरिएको माग बमोजिम सब-डिभिजन वन कार्यालय प्रमुखलाई कार्यादेश दिई कर्णाली प्रदेशको खर्च मापदण्ड तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधीनमा रही कार्यक्रममा विनियोजित रकम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **Rangers' Gear तथा वन सुरक्षा सामग्रीहरु खरिद** |
| पृष्ठभूमि र उद्देश्य | वन, वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण गर्नको लागि खटिएका वन कर्मचारीहरुले बेलाबेलामा विभिन्न हातहतियार सहितका वन अपराधमा संलग्न व्यक्तिहरुको समेत सामना गर्नुपर्ने हुँदा न्युनतम रुपमा अत्यावश्यक वन सुरक्षा सामग्रीहरु तथा पहिचानयुक्त फिल्ड गिएरहरुको व्यवस्था गरी सुरक्षाको प्रत्याभुती गर्न यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलापहरु | यस कार्यक्रममा विनियोजन भएको रकम मार्फत देहायका वन सुरक्षा सामग्री व्यवस्थापन गर्न सकिनेछः-<br>✓ **सुरक्षा उपकरण** (हत्कडी, Walking stick, सानो सुरक्षा चक्कु, सुरक्षा ज्याकेट, सुरक्षा डोरी, घटनास्थल घेरा, सुरक्षा हेलमेट, Crime scene processing kit, Spy camera) खरिद गर्ने,<br>✓ **सञ्चार उपकरणः** सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी स्याटेलाईटमा आधारित सञ्चार सेट प्रति सव-डिभिजन कम्तिमा एक वटाका दरले पुग्ने गरी खरिद गर्ने, GPS<br>✓ **फिल्ड समाग्री** (फिल्ड ड्रेस, रेन्कोट, टर्चलाईट, तुम्लेट, टेन्ट, Sleeping Mat, Sleeping bag, First aid Kits तथा यस्तै प्रकृतिका) खरिद गर्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित रकमबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **नर्सरी मर्मत** |
| पृष्ठभूमि र उद्देश्य | डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयमा रहेका स्थायी नर्सरीहरुको नियमित मर्मत सम्भार तथा सञ्चालनबाट जिल्लामा आवश्यक बिरुवा उत्पादन गर्ने उद्देश्यका साथ यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरु | यस कार्यक्रमबाट डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयको नर्सरी व्यवस्थापन गर्ने सम्बन्धमा देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ नर्सरी बेड तथा छानो/छाप्रो मर्मत वा निर्माण, |

| | |
|---|---|
| | ✓ नर्सरीमा सिंचाई व्यवस्थापन,<br>✓ उच्च प्रविधियुक्त नर्सरी मर्मत, स्थानान्तरण, सञ्चालन, क्षतिग्रस्त नर्सरी व्यवस्थापनका कार्यहरु,<br>✓ नर्सरी मर्मत सम्बन्धी अन्य कार्य। |
| बजेट रकम खर्च गर्ने विधि | यो कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गरी खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **वहुवर्षिय विरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला समेत)** |
| पृष्ठभूमि र उद्देश्य | डिभिजन वन कार्यालयहरूद्वारा सञ्चालित नर्सरीहरूमा गुणस्तरीय बहुवर्षीय बिरुवा उत्पादन गरी स्थानीय समुदाय र विभिन्न निकायहरूलाई वितरण गर्न यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | विरुवा उत्पादनका सम्पूर्ण कार्यहरु जिल्लाको स्वीकृत जिल्ला दररेट तथा "वन,वनस्पती, वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धि विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्मस् २०७०" बमोजिम गर्नु पर्नेछ। कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-<br>✓ वहुवर्षिय विरुवा उत्पादन कार्य,<br>✓ आवश्यक्ता अनुसारनर्सरी नाईकेको पारिश्रमिक,<br>✓ वहुवर्षिय विरुवाहरुको गोडमेल तथा हेरचाह,<br>✓ नर्सरी स्तरोन्नतीको लागि आवश्यक मर्मत तथा निर्माण कार्य।<br>यस कार्यक्रम अन्तर्गत नर्सरीमा कम्तिमा १ वर्ष वा सोभन्दा बढी समय हेरविचार गरी हुर्काइएका बहुवर्षीय बिरुवाहरू मात्र समावेश गर्नु पर्नेछ। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजित रकम नर्सरी नाईकेको ज्याला, विउ खरिद तथा विरुवा उत्पादनको लागि सामग्री/उपकरण/औजार खरिद, विरुवा उत्पादनको लागि आवश्यक सिंचाई, विद्युत महसुल तथा अन्य महसुल भुक्तानी, बहुवर्षिय विरुवा उत्पादनको लागि स्थायी नर्सरीको स्तरोन्नती कार्यमा हुने खर्च प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **वृक्षारोपण योजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्य | डिभिजन वन कार्यालयले आफै वा अन्य निकायहरूसँगको सहकार्यमा सरकारी, सार्वजनिक तथा निजी जग्गाहरूमा बहुउपयोगी, सौन्दर्यात्मक एवम् आयमूलक वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न, प्राकृतिक सौन्दर्य कायम राख्न तथा स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरु | प्रत्येक डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र आगामी ५ वर्षको अवधिमा वृक्षारोपण गरिने स्थानहरुको जानकारी विवरण सहितको वृक्षारोपण योजना तयार गरी |

| | |
|---|---|
| | स्वीकृत गर्नु पर्नेछ र स्वीकृत पञ्चबर्षिय वृक्षारोपण योजनामा पहिचान गरिएका वा कार्यालयको सार्वजनिक सुचना बमोजिम वृक्षारोपणको लागि माग भई आएका स्थानहरुमा संरक्षणको सुनिश्चितता हुने गरी देहाय बमोजिम वृक्षारोपण गर्न सकिनेछः-<br>✓ सामुदायिक तथा कबुलियती वन क्षेत्र,<br>✓ राष्ट्रिय वन क्षेत्र,<br>✓ सार्वजनिक स्थान (विद्यायल, पार्क आदि),<br>✓ सडक किनारा,<br>✓ निजी जग्गा,<br>✓ अतिक्रमण खाली गरिएको क्षेत्र,<br>✓ नदि उकास क्षेत्र,<br>✓ शहरी वृक्षारोपण।<br>यस कार्यक्रम अन्तरगत राष्ट्रिय वन क्षेत्र, सार्वजनिक निकाय, सडक किनारा वृक्षारोपण लगायतका क्षेत्रमा वृक्षारोपण गरी संरक्षणका कार्यहरु गर्दा अनिवार्यरुपमा कार्यसम्पन्न प्रतिवेदन संलग्न राख्नु पर्नेछ। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजन भएको रकम सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेशको खर्च मापदण्ड तथा भ्रमण खर्च नियमावली बमोजिम देहायका कार्यका लागि खर्च गर्न सकिनेछः-<br>✓ कार्यक्रममा विनियोजन भएको रकमको बिस प्रतिशतसम्म रकम अघिल्लो आर्थिक वर्षमा भएका वृक्षारोपणको संरक्षण, गोडमेल, पुनरोपण तथा अभिवृद्धि वृक्षारोपण (Enrichment plantation) कार्य गर्न,<br>✓ वृक्षारोपणको लागि आवश्यक विरुवा खरिद गर्न,<br>✓ स्थानीय समाग्रीबाट निर्माण भएको वृक्षकवच (Tree Guard) लाई प्राथमिकता दिई खरिद गर्न,<br>✓ पञ्चवर्षिय वृक्षारोपण कार्ययोजना नरहेका डिभिजन वन कार्यालयले वन कर्मचारीहरु परिचालन गरी वृक्षारोपण कार्ययोजना तयार गर्न। |
| **कार्यक्रमको नामः** | **ढलापडा तथा सुखड खडा वृद्धि रोकिएका रुख सङ्कलन** |
| पृष्ठभूमि र उद्देश्य | काठ–दाउरा सङ्कलन तथा बिक्री–वितरणलाई व्यवस्थित बनाउँदै सहज आपूर्तिका लागि वन क्षेत्रमा प्राकृतिक वा अन्य कारणले ढलेका रुखहरूको सङ्कलन र घाटगद्दी गरी बजारमा वन पैदावारको माग तथा आपूर्ति सन्तुलन मिलाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम नेपाल सरकारले बनाएको वन पैदावार (काठ, दाउरा) सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ र सुखड खडाको हकमा कर्णाली प्रदेश वन नियमावली, |

| | |
|---|---|
| | २०८० को नियम १७ मा उल्लेखित व्यवस्था बमोजिम कार्यान्वयन गरिनेछ।<br>यस कार्यक्रम बमोजिम गरिएका काम कारवाही र सङ्कलित राजश्वको विवरण सहितको प्रतिवेदन आर्थिक वर्षको अन्त्य भएको १५ दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| बजेट खर्च गर्ने विधि | यो शिर्षकमा विनियोजित रकम सार्वजनिक खरिद ऐन तथा नियमावली तथा स्वीकृत जिल्ला दररेट बमोजिम कटान,मुछान, सङ्कलन, ढुवानी, लोड, अनलोड, पाईलिङ तथा सूचना प्रकाशन आदि कार्यमा खर्च गर्न सकिनेछ।<br>खर्च भएको रकम सङ्कलन भएको काठदाउराको लिलामविक्री पश्चात बोलपत्र सकारकर्ताबाट असुल गरी प्रदेश सरकारको राजश्व खातामा दाखिला गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **सामुदायिक वन परिचालन (सब डिभिजन मार्फत)** |
| पृष्ठभूमि र उद्देश्य | सब-डिभिजन वन कार्यालय अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहहरूलाई वन कर्मचारीमार्फत थप सक्रिय र प्रभावकारी बनाउँदै चालु आर्थिक वर्षभित्र जिल्लाका कुल समूहहरूमध्ये कम्तीमा ५० प्रतिशतलाई व्यवस्थित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा कार्यान्वयन विधि | यस कार्यक्रम अन्तर्गत सब-डिभिजनका कम्तीमा ५० प्रतिशत सामुदायिक वन समूहलाई व्यवस्थित गर्न विनियोजित बजेटबाट प्रति समूह दामासाहीका दरले खर्च गर्ने गरी कार्यदिश दिइनेछ र सो प्राप्त भएपछि सब-डिभिजनले कुनै समूह नदोहोरिने गरी देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-<br>✓ सामुदायिक वन उपभोक्ता समुहको भेला/बैठक,<br>✓ सामुदायिक वन उपभोक्ता समुहको अभिलेख व्यवस्थापन (रजिष्टरहरु व्यवस्थापन, आय-व्यय तथा लेखा व्यवस्थापन),<br>✓ सामुदायिक वन उपभोक्ता समुहको वार्षिक प्रगति विवरण तयारी,<br>✓ उपभोक्ता समुहहरुमा सचेतना।<br>सब-डिभिजन कार्यालयमा कर्मचारी अभाव भएमा, प्रति समूहको बजेट सीमाभित्र रही वन विज्ञानमा कम्तीमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तीर्ण  वा अन्य कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण व्यक्तिलाई सहजकर्ताको रुपमा नियुक्त गरी गर्न सकिनेछ।<br>यस कार्यक्रम बमोजिम सञ्चालित कार्यहरुको प्रत्येक सब डिभिजन वन कार्यालयले मासिक प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ र डिभिजन वन कार्यालयले त्यस्तो कार्यक्रमको प्रगति सहितको समग्र प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड तथा भ्रमण खर्च नियमावली बमोजिम उपभोक्ता समुह स्तरमा |

| | |
|---|---|
| | हुने बैठक, स्टेसनरी एवम् समाग्रीहरु, तथ्याङ्क व्यवस्थापनमा तथा ईन्धन तथा यातायात सम्बन्धी कार्यमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **कबुलियती वनको परिचालन (सब डिभिजन मार्फत)** |
| पृष्ठभूमि र उद्देश्य | वन कर्मचारीहरूको प्रत्यक्ष सहजीकरणमार्फत कार्यक्षेत्रभित्रका कबुलियती वन समूहहरूलाई सक्रिय बनाउने र चालु आर्थिक वर्षमा जिल्लाका कम्तिमा ५० प्रतिशत कबुलियती वन उपभोक्ता समूहहरूलाई पूर्ण रूपमा व्यवस्थित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यान्वयन विधि | यस कार्यक्रम अन्तर्गत सब-डिभिजनका कम्तीमा ५० प्रतिशत कवुलियती वन समूहलाई व्यवस्थित गर्न विनियोजित बजेटबाट प्रति समूह दामासाहीका दरले खर्च गर्ने गरी कार्यादेश दिइनेछ र सो प्राप्त भएपछि सब-डिभिजनले कुनै समूह नदोहोरिने गरी देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-<br>✓ कबुलियती वन उपभोक्ता समुहको भेला/बैठक,<br>✓ कबुलियती वन उपभोक्ता समुहको अभिलेख व्यवस्थापन (रजिष्टरहरु व्यवस्थापन, आय-व्यय तथा लेखा व्यवस्थापन),<br>✓ कबुलियती वन उपभोक्ता समुहको वार्षिक प्रगति विवरण तयारी।<br>यो कार्यक्रम कार्यान्वयन गर्दा सब-डिभिजन कार्यालयमा कर्मचारी अभाव भएमा, प्रति समूहको बजेट सीमाभित्र रही वन विज्ञानमा कम्तीमा प्रमाणपत्र वा डिप्लोमा तह उत्तीर्ण वा अन्य कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण व्यक्तिलाई सहजकर्ताको रुपमा नियुक्त गरी गर्न सकिनेछ।<br>उल्लेखित कार्यहरुको प्रत्येक सब डिभिजन वन कार्यालयले मासिक प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्नेछ। डिभिजन वन कार्यालयले कार्यक्रमको एकिकृत प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड तथा भ्रमण खर्च नियमावली बमोजिम उपभोक्ता समुह स्तरमा हुने बैठक, स्टेसनरी एवम् समाग्रीहरु, तथ्याङ्क व्यवस्थापनमा तथा ईन्धन तथा यातायात सम्बन्धी कार्यमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्य | कार्यालयले दिगो वन व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम उत्पादनशिल सामुदायिक वनको वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयार गरी वन व्यवस्थापन मार्फत वनको उत्पादन तथा उत्पादकत्व वृद्धी गरी वन पैदावारको विक्रि वितरणमार्फत सामुदायिक वनको आयस्तर वृद्धि गर्ने तथा स्थानीय रोजगारी सृजना गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा | यस कार्यक्रम मार्फत सामुदायिक वन उपभोक्ता समुहको दिगो वन व्यवस्थापन |

| | |
|---|---|
| कार्यान्वयन प्रक्रिया | कार्ययोजना तयार तथा स्वीकृतिसँग सम्बन्धित देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-<br>✓ सब डिभिजन वन कार्यालयको समन्वयमा उत्पादनशिल सामुदायिक वनको पहिचान गर्ने,<br>✓ सामुदायिक वन उपभोक्ता समुहको आमभेला राखी दिगो वन व्यवस्थापन कार्ययोजना बारे आवश्यक अभिमुखीकरण तथा छलफल गरी सो कार्ययोजना लागु गर्ने सम्बन्धमा आवश्यक निर्णय गरी कार्ययोजना तयारी कार्य अगाडी बढाउने,<br>✓ प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम सामुदायिक वनको वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा स्वीकृति सम्बन्धी कार्य गर्ने गराउने,<br>✓ दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि अनुदान सहयोग (कटान उपकरण, अग्निरेखा निर्माण लगायत)। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रम बमोजिमको रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड बमोजिम स्वीकृत लागत अनुमान तयारी तथा स्वीकृत गरी गर्नु पर्नेछ। वन उपभोक्ता समुहको लागत साझेदारी समेत हुने गरी प्रति सामुदायिक वन तीन लाख रुपैयाँमा नबढ्ने गरी अनुदान रकम उपलब्ध गराउन सकिनेछ। |
| **कार्यक्रमको नामः** | **वार्षिक योजना तर्जुमा गोष्ठि** |
| पृष्ठभूमि र उद्देश्य | जिल्लास्तरमा आगामी आर्थिक वर्षको लागि डिभिजन वन कार्यालयले सरोकारवालाहरुको उपस्थितिमा वन संरक्षण, वन व्यवस्थापन तथा समुदाय परिचालन लगायतका योजनाहरु छनौट गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | यस कार्यक्रम बमोजिम प्रत्येक डिभिजन वन कार्यालयले मातहतका सबै सब-डिभिजन वन कार्यालयहरुको सहभागितामा डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठीबाट सञ्चालन गरी उक्त योजना तर्जुमा गोष्ठिबाट प्राप्त भएका योजनाहरुलाई एकिकृत रुपमा तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित रकम कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड बमोजिम लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **संरक्षण दिवस समारोह** |
| पृष्ठभूमि र उद्देश्य | वन, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धि प्रचार-प्रसार गर्दै सचेतना विस्तार गर्न संरक्षण सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसमनाउने तथा त्यसका लागि स्थानीय सहभागिता बढाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |

| | |
|---|---|
| सञ्चालन गर्न सकिने क्रियाकलाप | यस कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-<br>✓ संरक्षण सम्बन्धी सभा/र्याली/गोष्ठी सञ्चालन,<br>✓ विद्यालय/क्लब/समुदाय/जिल्ला स्तरिय अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन,<br>✓ हाजिरी जवाफ तथा वकतृत्वकला कार्यक्रम सञ्चालन,<br>✓ सचेतनामुलक सडक नाटक जस्ता क्रियाकलाप सञ्चालन।<br>✓ वृक्षारोपणका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>यस कार्यक्रम अन्तरगत कार्यालयले जिल्लास्तरमा वार्षिक कम्तिमा १ वटा कार्यक्रम आयोजना गर्नु पर्नेछ । |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम सम्बन्धित क्रियालापगत लागत अनुमान तयारी तथा स्वीकृत गरी कर्णाली प्रदेश सरकारको प्रचलित खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **जिल्लाबाट सञ्चालन भएका सम्पूर्ण कार्यक्रमहरुको वार्षिक प्रगति पुस्तिका प्रकाशन** |
| पृष्ठभूमि र उद्देश्य | अघिल्लो आर्थिक वर्षमा कार्यालयबाट सम्पादन भएका वार्षिक क्रियाकलापहरु अभिलेखिकरण तथा सार्वजनिकिकरण गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरु | ✓ यस कार्यक्रम बमोजिम कार्यालयले आर्थिक वर्षमा सम्पन्न गरेका कार्यक्रम तथा क्रियाकलापहरुको विवरण सहितको वार्षिक प्रगति पुस्तिका तयार तथा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो पुस्तिका आर्थिक वर्षको प्रथम त्रैमासिक भित्र प्रकाशन गरिसक्नु पर्नेछ।<br>✓ यसरी बनाईएको प्रगति पुस्तिका मन्त्रालय, जिल्लास्थित प्रदेश सरकारका कार्यालयहरु र जिल्लाका सबै स्थानीय तहहरुलाई उपलब्ध गराउनुका साथै प्रगति पुस्तिकाको डिजिटल प्रति कार्यालयको आधिकारीक वेवसाईटमा राख्नु पर्नेछ।<br>✓ डिभिजन वन कार्यालयको वार्षिक प्रगति पुस्तिकाको ढाँचामा एकरुपता कायम हुने गरी तयार गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित बजेट रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथ्याङ्क सङ्कलन, प्रतिवेदन तयारी, स्टेसनरी, तथा पुस्तक प्रकाशनमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **पाटन खर्क तथा पाटन क्षेत्रको नक्साङ्कन तथा रणनीति योजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्य | मन्त्रालयबाट स्वीकृत कर्णाली प्रदेश खर्क व्यवस्थापन रणनीति तथा कार्ययोजना (२०२६-२०३६) को प्रभावकारी कार्यान्वयन मार्फत कर्णाली प्रदेशका उच्च हिमाली भेगमा रहेका पाटन खर्क तथा चरन क्षेत्रहरुको व्यवस्थापन तथा संरक्षण गर्दै सोको दिगो उपयोग गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |

| | |
|---|---|
| कार्यक्रम कार्यान्वयन विधि | यस कार्यक्रम अन्तरगत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछः-<br>✓ यस कार्यक्रम अन्तरगत मन्त्रालयबाट स्वीकृत कर्णाली प्रदेश खर्क व्यवस्थापन रणनीति तथा कार्ययोजना (२०२६-२०३६) मा भएका क्रियाकलापहरु कार्यान्वयन गर्ने,<br>✓ कार्ययोजनामा उल्लेख भएका सचेतनामुलक कार्यक्रम, पानी मुहान संरक्षण, जडिबुटी संरक्षण लगायतका कार्यहरु तथा आफ्नो कार्यक्षेत्र भित्रका पाटन तथा खर्कहरुको नक्साङ्कन, प्रचार प्रसार समाग्री उत्पादन लगायतका कार्यहरु समेत गर्न सकिने,<br>✓ चरिचरण गर्दा उपभोक्ताहरुलाई सहज हुने मौसमी प्रकृतिका अस्थायी संरचना निर्माणमा सहयोग गर्न सकिने।<br>कार्यक्रमको कार्यान्वयन पश्चात डिभिजन वन कार्यालयहरुले सम्पन्न क्रियाकलापहरुको विवरण मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| खर्च विधि | यस कार्यक्रम बमोजिम विनियोजित रकम खर्च गर्दा प्रचलित खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेशको खर्च मापदण्ड बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **रेडपाण्डा संरक्षण अभिमुखीकरण कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्य | दुर्लभ वन्यजन्तु रेडपाण्डा (Ailurus fulgens) को प्राकृतिक वासस्थानमा संरक्षण गर्ने / रेडपाण्डा संरक्षणको लागि अनुसन्धान र समुदायमा सचेतना विस्तार गर्ने उद्देश्यका साथ यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछः-<br>✓ कार्यालयका प्राविधिक तथा फिल्डस्तरका कर्मचारी प्रत्यक्ष रूपमा परिचालन गरी तथा आवश्यकता अनुसार वन सम्बन्धी सोधकर्ताहरुको सहयोग समेत लिई रेडपाण्डाको अवस्था, विचरण क्षेत्र तथा वन डढेलोले पारेको असर बारे वैज्ञानिक अध्ययन अनुसन्धानका कार्यहरू सञ्चालन गर्ने,<br>✓ विद्यालयहरूमा रेडपाण्डाको महत्त्व, कानूनी व्यवस्था तथा संरक्षणका उपायबारे सचेतना विस्तार गरी दिगो संरक्षणको आधार तयार गर्ने,<br>✓ अध्ययनका आधारमा सिफारिस गरिएका क्रियाकलापहरुमा आवश्यक सुधारका कार्यहरू प्राथमिकताका साथ कार्यान्वयन गर्ने,<br>✓ कार्यालयका कर्मचारीहरूको अगुवाइमा स्थानीय सामुदायिक वन उपभोक्ता समूह, गोठाला, महिला तथा युवाहरूलाई समेटेर समुदायस्तरमा संरक्षण अभिमुखीकरण गर्ने। |
| खर्च विधि | यो कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश खर्च मापदण्ड बमोजिम लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **गिद्ध संरक्षण विशेष कार्यक्रम (गिद्ध संरक्षण केन्द्र)** |

| | |
|---|---|
| पृष्ठभूमि र उद्देश्य | गिद्धको पारिस्थितिकीय महत्त्वबारे समुदायलाई जानकारी दिने, गिद्धको घट्दो सङ्ख्या र यसका कारणहरूबारे सचेत गराई गिद्ध संरक्षणमा स्थानीय समुदायलाई सहभागी गराउनका लागि यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | डिभिजन वन कार्यालयले यस कार्यक्रम मार्फत देहायबमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछः<br>✓ गिद्ध संरक्षणका लागि स्थानीय समुदाय तथा यस क्षेत्रमा कार्यरत समुदायमा आधारित सङ्घ संस्थाहरूसँगको सहकार्यमा आवश्यक संरक्षणमुखी क्रियाकलापहरू सञ्चालन गर्ने।<br>✓ गिद्धको महत्त्व, सङ्कट र संरक्षणका उपायहरू समेटिएका श्रव्य-दृश्य सामग्रीहरू तयार गरी प्रसारण गर्ने।<br>✓ गिद्धको बासस्थान तथा विचरण क्षेत्रमा स्थलगत रूपमा सचेतना विस्तार गर्ने।<br>✓ गिद्ध संरक्षणका सवालमा जिल्लास्तरका सरोकारवालाहरूसँग आवश्यक छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने। |
| खर्च विधि | यो कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **हिउँ चितुवा संरक्षण कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्य | विश्वमै दुर्लभ हिउँचितुवा नेपालमा पाइने कुल सङ्ख्यामध्ये सबैभन्दा बढी कर्णाली प्रदेशमा रहेकाले कर्णाली प्रदेशका संरक्षित क्षेत्रभन्दा बाहिर रहेका हिउँचितुवाको संरक्षण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम स्थानीय समुदाय वा हिउँचितुवा संरक्षणमा कार्यरत समुदायमा आधारित सङ्घ-संस्थाहरूसँगको समन्वय तथा सहकार्यमा सञ्चालन गर्नु पर्नेछ। यो कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ समुदायस्तरमा हिउँचितुवा संरक्षण समूह गठन गर्ने।<br>✓ मानव-हिउँचितुवा द्वन्द्व न्यूनीकरण सम्बन्धमा आवश्यक कार्यहरू गर्ने।<br>✓ हिउँचितुवा संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।<br>✓ हिउँचितुवाको वासस्थान संरक्षणका लागि स्थलगत कार्यक्रमहरू सञ्चालन गर्ने। |
| खर्च विधि | यो कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **प्रदेश राजधानी हरियाली कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्य | कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिकाका विभिन्न स्थानहरूमा वृक्षारोपण तथा संरक्षणका कार्यहरू सञ्चालन गरी वीरेन्द्रनगरलाई हरित सहरका रूपमा विकास गर्ने उद्देश्यसहित यो कार्यक्रम तयार गरिएको हो। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरी कार्यान्वयन गरिनेछः-<br>• वीरेन्द्रनगर नगरपालिकाको कार्यालय तथा स्थानीय टोल सुधार संस्थाहरूसँगको समन्वयमा विगतमा गरिएका वृक्षारोपणहरूको संरक्षण गर्ने।<br>• वीरेन्द्रनगरका सडक किनारा तथा सार्वजनिक स्थानहरूमा संरक्षणसहितको |

| | |
|---|---|
| | वृक्षारोपण गर्ने।<br>• प्रदेश राजधानीस्थित सरकारी कार्यालयहरूसँगको समन्वयमा सौन्दर्यमूलक वृक्षारोपण गर्ने।<br>• वृक्षारोपण गरिएका स्थानहरूको संरक्षण तथा रेखदेखका लागि आवश्यक प्रबन्ध मिलाउने। |
| बजेट खर्च विधि | यो कार्यक्रमको कार्यान्वयन गर्दा वीरेन्द्रनगर नगरपालिका अन्तरगतको वृक्षारोपण गर्न उपयुक्त स्थानको छनौट गरी, स्थलगत निरीक्षणको आधारमा वृक्षारोपण तथा संरक्षणको लागि प्रचलित नर्मस अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **वन क्षेत्र अतिक्रमण हटाई पुनर्स्थापना र वृक्षारोपण** |
| पृष्ठभूमि र उद्देश्य | वन अतिक्रमण नियन्त्रण तथा रोकथाम गर्न एवं अतिक्रमित क्षेत्रहरूलाई क्रमशः खाली गराई वृक्षारोपण तथा संरक्षण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | वन अतिक्रमण हुन नदिन तथा अतिक्रमित क्षेत्रलाई पुनःस्थापना गर्नका लागि देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ अतिक्रमण भएका र अतिक्रमणको दृष्टिकोणले संवेदनशील क्षेत्रहरूको पहिचान गरी नक्साङ्कन गर्ने।<br>✓ जिल्ला वन अतिक्रमण नियन्त्रण समितिको बैठक अर्धवार्षिक रूपमा वा आवश्यकता अनुसार सञ्चालन गर्ने।<br>✓ अतिक्रमण नियन्त्रणका लागि एकीकृत कार्ययोजना तयार गर्ने।<br>✓ अतिक्रमित क्षेत्रका अवैध संरचनाहरू हटाउने र सो कार्यका लागि आवश्यकता अनुसार सुरक्षा निकाय परिचालन गर्ने।<br>✓ अतिक्रमण नियन्त्रण गरिएका क्षेत्रहरूमा वृक्षारोपण गरी संरक्षणको आवश्यक प्रबन्ध मिलाउने।<br><br>यस कार्यक्रम बमोजिम सम्पादित क्रियाकलापको विवरण कार्यालयले अर्धवार्षिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| बजेट खर्च विधि | यस शीर्षकमा विनियोजित रकम प्रचलित कर्णाली प्रदेशको खर्च मापदण्ड र  भ्रमण खर्च नियमावली बमोजिम जिल्ला वन अतिक्रमण नियन्त्रण समितिको बैठक सञ्चालन, अतिक्रमित क्षेत्रको यथार्थ विवरण यकिन गर्न तथ्याङ्क सङ्कलन तथा डाटाबेस तयारी, नापी कार्यालयका प्राविधिक कर्मचारी परिचालन गरी गरिने सीमाङ्कन तथा नक्साङ्कन कार्य, र अतिक्रमण नियन्त्रण एवम् संरचना हटाउने क्रममा खटिने वन कर्मचारी तथा सुरक्षाकर्मीहरूको दैनिक तथा भ्रमण भत्ता, इन्धन एवम् यातायात खर्चका लागि खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **दाँते ओखर कलमी** |
| पृष्ठभूमि र उद्देश्य | दाँते ओखरको बिरुवा हाडे ओखरको बिरुवाको तुलनामा उच्च मूल्यको हुने र दाँते ओखरको बीउबाट उम्रने क्षमता (उमारशक्ति) अत्यन्तै न्यून हुने भएकाले दाँते ओखरलाई कलमी प्रविधिमार्फत नर्सरीमा उत्पादन गर्नका लागि यो कार्यक्रम राखिएको |

| | |
|---|---|
| | छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-<br>✓ कार्यालयले विगतका वर्षहरूमा नर्सरीमा उमारेका हाडे ओखरका रुटस्टकमा दाँते ओखरको कलमी गर्ने,<br>✓ स्थानीय रूपमा रहेका गुणस्तरीय एवम् परिपक्व दाँते ओखरका रूखहरूबाट उपयुक्त सायन छनौट तथा खरिद गर्ने,<br>✓ नर्सरीमा रहेका रुटस्टकहरूमा कलमी गर्ने तथा कार्यालयले दक्ष प्राविधिक जनशक्तिको सहयोग लिई उपयुक्त माउ रूख तथा सायनको यकिन पहिचान गर्ने। |
| बजेट खर्च विधि | यस कार्यक्रममा विनियोजित रकम दाँते ओखरको गुणस्तरीय सायन खरिद गर्न, कलमी कार्यका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति परिचालन गर्न तथा ज्यामी श्रमिक, औजार एवं आवश्यक स्रोत सामग्री व्यवस्थापन गर्न प्रचलित वन नर्म्स, सम्बन्धित जिल्लाको स्वीकृत दररेट र कर्णाली प्रदेश खर्च मापदण्ड तथा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **जडिबुटी खेती पतारासी वडा नं. ६ र ७** |
| पृष्ठभूमि र उद्देश्य | जुम्ला जिल्लाको पातारासी गाउँपालिका अन्तरगत वडा नं. ६ र ७ का कृषकका जग्गा जमिनमा जडिबुटी खेती विस्तार गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा कर्णाली प्रदेश अनुदान कार्यविधि नियम, २०७७ र देहायका प्रक्रिया अवलम्वन गरी गर्नु पर्नेछः-<br>✓ कार्यालयले तोकिएका वडाका इच्छुक कृषकहरूबाट प्रस्ताव आह्वान गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने,<br>✓ सूचना बमोजिम पेस भएका प्रस्तावको मूल्याङ्कन, स्थलगत प्रमाणीकरण गर्ने तथा गराउने,<br>✓ स्थलगत निरीक्षणबाट उपयुक्त देखिएमा सोही बमोजिम तयार गरिएको लागत अनुमान डिभिजन वन कार्यालयले स्वीकृत गर्ने,<br>✓ स्वीकृत कुल लागत अनुमानको बढीमा ५० प्रतिशत अनुदान सहयोग उपलब्ध गराउन सकिने। |
| बजेट खर्च विधि | यस कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड र कर्णाली प्रदेश अनुदान कार्यविधि नियम बमोजिम जडीबुटीका बिरुवा खरिद तथा वृक्षारोपण गर्न, वृक्षारोपण क्षेत्रको संरक्षण तथा घेराबार गर्न, र सिँचाइ पूर्वाधार स्थापना एवम् व्यवस्थापनका लागि खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **दाँते ओखर तथा टिमुर निर्सरी निर्माण मुड्केचुला गा.पा. डोल्पा** |
| पृष्ठभूमि र उद्देश्य | डोल्पा जिल्लास्थित मुड्केचुला गाउँपालिकाको उपयुक्त स्थानमा दाँते ओखर तथा टिमुरको नर्सरी स्थापना गरी स्थानीय स्तरमा आवश्यक पर्ने दाँते ओखर र टिमुरका बिरुवाहरूको माग सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम | ✓ कार्यालयले सम्बन्धित सब-डिभिजन वन कार्यालयमार्फत वा स्थानीय इच्छुक कृषक, कृषक समूह, सहकारी तथा फर्ममार्फत नर्सरी निर्माण एवम् सञ्चालन |

| | |
|---|---|
| कार्यान्वयन विधि | गराउन सक्नेछ।<br>✓ स्थानीय स्तरमा कृषक, सहकारी वा फर्ममार्फत कार्यक्रम सञ्चालन गर्दा कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यसरी प्राप्त प्रस्तावहरूको मूल्याङ्कन एवम् छनौट गरी स्वीकृत कुल लागत अनुमानको बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ। |
| बजेट खर्च विधि | यो कार्यक्रममा विनियोजित रकम नर्सरी स्थापना तथा सञ्चालनका लागि प्रचलित नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेशको अनुदान कार्यविधि नियम, २०७७ बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्य | वन ऐन, २०७६ तथा नियमावली, २०७९ को व्यवस्था बमोजिम जिल्लाको वन दिगो व्यवस्थापनका लागि वातावरणीय अध्ययन सहितको पञ्चवर्षीय कार्ययोजना तर्जुमा गर्न यो कार्यक्रम राखिएको छ। |
| बजेट रकम खर्च विधि | यो कार्यक्रम विनियोजित रकम डिभिजन वन कार्यालयले आफ्ना कर्मचारी परिचालन गरी वा परामर्श सेवा मार्फत प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेशको भ्रमण खर्च नियमावली तथा खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **Online DMIS अध्यावधिक, सञ्चालन तथा व्यवस्थापन** |
| पृष्ठभुमी र उद्देश्य | मन्त्रालयद्वारा विकास गरिएको तथ्याङ्क व्यवस्थापन प्रणाली (Database Management Information System - DMIS) को प्रभावकारी व्यवस्थापन तथा उपयोग गरी मन्त्रालय र मातहतका निकायहरूको अभिलेखीकरण एवम् सेवा प्रवाहलाई थप चुस्त र पारदर्शी बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यस कार्यक्रमको कार्यान्वयनको लागि देहाय बमोजिम क्रियाकलापहरु गरिनेछः-<br>✓ मन्त्रालयमा विद्यमान जनशक्ति वा सो नभएमा परामर्श सेवा खरिद गरी मन्त्रालयको DMIS प्रणालीलाई समयसापेक्ष अद्यावधिक (Update) गर्ने,<br>✓ प्रत्येक जिल्लाको तथ्याङ्क नियमित रूपमा प्रविष्ट एवं अद्यावधिक गर्न तथा प्रणाली सञ्चालनका लागि अनुगमन अधिकृत तोक्ने,<br>✓ जिल्लास्थित कार्यालय प्रमुख र तोकिएका अनुगमन अधिकृतहरूलाई सहभागी गराई प्रणाली सञ्चालनसम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गर्ने। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजित भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको भ्रमण खर्च नियमावली तथा खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |

## खण्ड (ख)

## एकिकृत भु- तथा जलाधार संरक्षणका कार्यक्रम कार्यान्वयन विधि

| | |
|---|---|
| **कार्यक्रमको नामः** | **उत्तरी जलाधार गुरुयोजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्य | कर्णाली प्रदेशको राजधानी सुर्खेत उपत्यका (वीरेन्द्रनगर) को उत्तरी जलाधार क्षेत्रको माथिल्लो तटीय भेगमा पानी पुनर्भरण (Water Recharge) सम्बन्धी संरचना निर्माण गरी तल्लो तटीय क्षेत्रमा भूमिगत जलस्रोत अभिवृद्धि गर्न तथा खोला/खहरे किनारा संरक्षण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो। यसअन्तर्गत भू तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेतद्वारा स्वीकृत वीरेन्द्रनगर उत्तरी जलाधार गुरुयोजना बमोजिमका क्रियाकलापहरू कार्यान्वयन गरिनेछ। |
| सञ्चालन गरिने क्रियाकलाप | यस कार्यक्रमअन्तर्गत वीरेन्द्रनगर उत्तरी जलाधार गुरुयोजनामा उल्लिखित जल पुनर्भरण सम्बन्धी कार्यहरू, वीरेन्द्रनगर नगरपालिका तथा सम्बन्धित वडा कार्यालयहरूबाट सिफारिस भई आएका योजनाहरू र स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछ। |
| बजेट रकम खर्च गर्ने विधि | ✓ यो शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गरिनेछ।<br>✓ यो कार्यक्रम कार्यान्वयन गर्दा प्याकेज अनुसारका क्रियाकलाप तथा प्याकेज अवधि तोकि छुट्याएको वजेटलाइ सो क्रियाकलापको स्वीकृत वजेट मानी खरिद प्रक्रिया अगाडी बढाउन सकिनेछ।<br>✓ एक प्याकेजलाई एक स्थान वा आवश्यकता अनुसार एक वा एक भन्दा धेरै स्थानमा अलग अलग समुहसँग संझौता गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **तटवन्ध तथा बाध निर्माण** |
| पृष्ठभूमि र उद्देश्य | सडक किनारा, खाली क्षेत्र नदि तथा खोला किनारा संरक्षण गरी खेतीयोग्य जमिनको तथा जनधनको संरक्षण गर्नको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| क्रियाकलाप तथा कार्यान्वयन विधि | यो कार्यक्रम कार्यान्वयन गर्न देहायका क्रियाकलापहरु सञ्चालन गरिनेछः-<br>✓ खोला किनार सूदुढीकरण, खोला किनार तटवन्धन गर्ने,<br>✓ खहरे रोकथाम, नदीकटान नियन्त्रण गर्ने,<br>✓ सेल्टरबेल्ट ग्रीनबेल्ट निर्माण, बाँध तथा डाइक निर्माण गर्ने,<br>✓ जोखिमयुक्त वस्तीहरुको संरक्षण, स्पर, डाइक तथा चेक डयाम निर्माण गर्ने,<br>✓ वायोइन्जिनियरिङ्ग संरचना निर्माण, संरक्षण आयमूलक कार्यक्रम सञ्चालन,<br>✓ फलफुल विरुवा रोपण, रिभेटमेन्ट तथा रिटेनिङ्ग वालको निर्माण कार्य। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |

| कार्यक्रमको नाम | जलाधार संरक्षण गल्छी /पहिरो रोकथाम तथा भू-क्षय नियन्त्रण |
|---|---|
| पृष्ठभूमि र उद्देश्य | माटो र उर्वर भूमिको संरक्षणका लागि विभिन्न इन्जिनियरिङ्ग र बायोइन्जिनियरिङ्ग कार्य गरि माटो बग्नबाट रोक्नुका साथै सार्वजनिक तथा निजी सम्पतिको संरक्षण गरी हरियालीमा वृद्धि एवम् वातावरणमैत्री विकास निर्माणमा जोड दिन भू-क्षय नियन्त्रणका कार्यहरु अन्तरगत गल्छि/पहिरो र भूक्षय नियन्त्रणका कार्य गर्ने यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा देहायका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>✓ चेकड्याम,टेवापर्खाल लगायतका संरचना निर्माण,<br>✓ पानीभल व्यवस्थापनका लागि संरक्षण पोखरी निर्माण,<br>✓ पानी निकास संरचना निर्माण,<br>✓ बायोइन्जिनियरिङ्ग संरचना निर्माण तथा पशुचौपाया रोकथामका लागि घेरावारा निर्माण,<br>✓ भू-क्षय तथा पहिरो नियन्त्रण,<br>✓ फलफुल विरुवा रोपण,<br>✓ प्रविधि प्रवर्धन स्थलको रुपमा विकास,<br>✓ संयूक्त स्थलगत अनुगमन,अनुभव आदानप्रदान कार्य। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गरिनेछ। |
| **कार्यक्रमको नाम** | **बुलबुले गुरूयोजना कार्यान्वयन सुर्खेत (क्रमागत योजना)** |
| पृष्ठभूमि र उद्देश्यः | बुलवुलेको संरक्षण, विकास र सौन्दर्यकरणका लागि सुर्खेत उपत्यकता नगर विकास समितिबाट तयार भएको गुरुयोजना बमोजिमका क्रियाकलापहरु कार्यान्वयनको लागि यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप | नगरविकास समितिको निर्णय र गुरुयोजनामा उल्लेख भएका क्रियाकलापमा विगत वर्षमा सुरु भएका खरिद कार्य तथा सोसँग सम्बन्धित अत्यावश्यक काम सम्पन्न गर्न प्राथमिकता दिंदै नगर विकास समिति र नगरपालिकाको सिफारिसका आधारमा अन्य थप क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ। |
| कार्यान्वयन प्रक्रिया र खर्च विधि | यो कार्यक्रम कार्यान्वयनको लागि देहायका प्रक्रिया अवलम्वन गर्नु पर्नेछः-<br>✓ नगरपालिकाले नगरविकास समितिको निर्णय सहित कुन कार्यक्रम गर्ने एकिन गरि सिफारिस माग गर्ने,<br>✓ प्रदेश सरकारको लगानीमा सञ्चालन हुने कार्यक्रमका सम्बन्धमा प्रदेश सरकारको कानूनको परिपालना गर्ने सम्बन्धमा नगरविकास समितिको प्रतिवद्धता माग गर्ने,<br>✓ साझेदारीमा र नियमित रेखदेख गर्नुपर्ने कार्यक्रमका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने तथा नियमित रेखदेख र मर्मतमम्भार नगरविकास |

| | |
|---|---|
| | समितिले गर्ने सम्बन्धमा समझदारी गर्ने।<br>नगर विकास समितिबाट प्राप्त विस्तृत परियोजना बमोजिमका क्रियाकलापमा कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रममा विनियोजित रकम खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **आकस्मिक आइपर्ने भू-क्षय नियन्त्रण कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | आकस्मिक रुपमा आउने वाढी, पहिरो, भू-क्षय तथा भुकम्पवाट हुन पुगेको भू-क्षयजन्य क्षति नियन्त्रण गर्न र जोखिम घटाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरु | यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ संवेदनशिलता र आवश्यकताका आधारमा ग्यावियन जालि वितरण गर्ने,<br>✓ घर/गोठ, वस्ति तथा खेतियोग्य जमिन जोखिममा रहेको स्थानमा उपयुक्त सिभिल इन्जिनियरिङ तथा वायोइन्जिन्जियरिङ प्रविधि अवलम्वन गरी आवश्यक कार्य गर्ने,<br>✓ पानी श्रोत संरक्षण, सिचाइ कुलो संरक्षण, गल्छि पहिरो तथा खोलाकिनारा संरक्षण जस्ता कार्यक्रम सञ्चालन गर्ने। |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया र खर्च विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा देहायको विधि अवलम्वन गर्न सकिनेछः-<br>✓ स्थानीय वडाको सिफारिस,स्थानीय प्रहरी मुचुल्का तथा समुह वा व्यक्तिको निवेदन सहितका माग सङ्कलन गर्ने,<br>✓ माग बमोजिम आवश्यकता अनुसार ग्याविन जाली वितरण गर्ने,<br>✓ एकै स्थानमा २०० भन्दा धेरैको संख्यामा ग्यावियन जालि वितरण गर्नुपरेमा दैविप्रकोप उद्दार समितिको समेत सिफारिस संलग्न राख्नु पर्ने,<br>✓ अत्यावश्यकीय स-साना कार्यक्रमका लागि कार्यालयमा प्राप्त भएका निवेदनहरु,विगत आर्थिक वर्षमा कार्यालयले सञ्चालन गरेका क्रियाकलापमा भएको क्षतिको मर्मत सम्भार गर्नु परेमा समुहको माग र स्थानिय तहको सिफारिसका आधारमा कार्यक्रम सञ्चालन गर्ने,<br>✓ ग्यावियन जाली खरिद गर्नु परेमा त्रैमाशिक लक्ष्यमा तोकिएको बजेटलाई कुल वजेट मानी उक्त त्रैमासिकमा सोही वजेट वरावरको मात्र खरिद प्रक्रिया अगाडी बढाउन सकिनेछ।<br>यस कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद कार्य गरी वितरण गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **उपजलाधार व्यवस्थापन योजना निर्माण सम्बन्धि अन्तरक्रिया तथा छलफल** |
| पृष्ठभुमी र उद्देश्य | कर्णाली प्रदेशमा रहेका ५७ वटा उपजलाधार क्षेत्रहरुको उपजलाधार व्यवस्थापन योजना तयार गरी जलाधार व्यवस्थापनका कार्यक्रमहरु उपजलाधार योजनाहरुको परिधिभित्र रही कार्यान्वयन गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| कार्यान्वयन विधि | यो कार्यक्रम मन्त्रालय र जलाधार व्यवस्थापन कार्यालयको संयुक्त सहभागितामा सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत उपजलाधार व्यवस्थापन योजनाको नमूना खाका तयार गरी सोही बमोजिम प्राथमिकता प्राप्त कम्तीमा १० वटा उपजलाधारहरूको वार्षिक व्यवस्थापन योजना तर्जुमा गरिनेछ। |

| | |
|---|---|
| खर्च विधि | यस कार्यक्रममा विनियोजित भएको रकम कर्णाली खर्च मापदण्ड बमोजिम अभिमुखिकरण कार्यक्रम सञ्चालनको लागि खर्च गरिनेछ। |
| **कार्यक्रमको नामः** | **जलाधार व्यवस्थापन कार्यको दिगोपन विश्लेषण** |
| पृष्ठभुमी र उद्देश्य | भू- तथा जलाधार व्यवस्थापन कार्यालयबाट जलाधार संरक्षण सम्बन्धमा हालसम्म भएका तथा गरिने विभिन्न कार्यहरुको दिगोपना विश्लेषण गर्ने र आगामी दिनमा गरिने क्रियाकलापहरुलाई दिशानिर्देश गर्न यो कार्यक्रम राखिएको छ। |
| कार्यान्वयन तथा खर्च विधि | यो कार्यक्रममा विनियोजित बजेट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लागत अनुमान तथा कार्यक्षेत्रगत शर्त तयारी तथा स्वीकृत गरी निर्धारित कार्यमा खर्च गर्नु पर्नेछ। |

**खण्ड (ग)**

**पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम कार्यान्वयन विधि**

| | |
|---|---|
| **कार्यक्रमको नामः** | **कर्णाली प्रदेश पर्यटन सूचना तथा अभिलेख केन्द्र स्थापना र सञ्चालन** |
| पृष्ठभूमी तथा उद्देश्य | कर्णाली प्रदेशमा रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय सम्पदाहरूको एकीकृत अभिलेखीकरण एवम् सूचना व्यवस्थापन गरी पर्यटकहरूलाई भरपर्दो, यथार्थपरक र अद्यावधिक जानकारी सहज रूपमा प्रवाह गर्न, पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान तथा नीतिगत योजना निर्माणलाई तथ्यपरक बनाउन उपयोगी प्रामाणिक पर्यटन तथ्याङ्क प्रणाली स्थापना गर्न तथा आधुनिक डिजिटल प्रविधिमा आधारित प्रभावकारी एवम् स्मार्ट सूचना प्रवाह प्रणालीको विकास, सञ्चालन र दिगो व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम अन्तर्गत कर्णाली पर्यटन सूचना केन्द्रको स्थापना, प्रमुख पर्यटकिय स्थलहरु तथा पर्यटन विवरणको अभिलेखिकरण, प्रकाशन तथा सूचना प्रवाह गर्न आवश्यक क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ। |
| खर्च विधि | यो कार्यक्रमका लागि विनियोजित बजेट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **पर्यटन मिट** |
| पृष्ठभुमी तथा उद्देश्य | पर्यटन व्यवसायीहरूबीच व्यावसायिक सञ्जाल विस्तार तथा संस्थागत साझेदारी अभिवृद्धि गर्दै पर्यटक आगमन दरमा वृद्धि ल्याउन सार्वजनिक-निजी साझेदारीलाई सुदृढ बनाउने र स्थानीय मौलिक पर्यटन उत्पादन, सेवा तथा उद्यमको प्रभावकारी प्रवर्द्धन एवम् बजारीकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | प्रर्यटन व्यवसायीसँग छलफल अन्तरक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछः-<br>यो कार्यक्रममा विनियोजित बजेटको सिमाभित्र रही सम्बन्धित सरोकारवाला तथा पर्यटन व्यवसायीहरूको पहिचान र वर्गीकरण गरी देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सकिनेछः-<br>✓ प्रादेशिक एवम् राष्ट्रिय स्तरका व्यवसायीहरूबीच प्रत्यक्ष 'बिजनेस टु बिजनेस' मिट, पर्यटन सम्मेलन तथा व्यावसायिक संवाद कार्यक्रम आयोजना गर्ने,<br>✓ सरकारी निकाय र निजी क्षेत्रका छाता संस्थाहरू सम्मिलित संयुक्त सहकार्य संयन्त्रमार्फत प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्ने,<br>✓ स्थानीय रैथाने उत्पादन, हस्तकला र मौलिक सेवाहरूको ब्रान्डिङ तथा बजारीकरणका लागि पर्यटकीय मेला एवम् प्रदर्शनी सञ्चालन गर्ने,<br>✓ कार्यक्रम सञ्चालनबाट पर्यटक आगमनमा परेको प्रभावको नियमित अनुगमन, मूल्याङ्कन एवम् समीक्षा गरी अभिलेखकरण गर्ने व्यवस्था मिलाउने। |

| | |
|---|---|
| खर्च विधी | यो कार्यक्रमका लागि विनियोजित बजेट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **नेपाल पर्यटन बोर्डको सहकार्यमा कर्णाली प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन तथा प्रचार** |
| पूष्ठभुमी तथा उद्देश्य | कर्णाली प्रदेशका प्रमुख तथा सम्भावित नयाँ पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा ब्रान्डिङ, प्रवर्द्धन तथा व्यापक प्रचार–प्रसार गर्न, नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा संयुक्त बजारीकरण, ट्राभल मार्ट, एक्स्पो तथा रणनीतिक प्रवर्द्धनात्मक अभियानहरू सञ्चालन गर्न, डिजिटल प्रविधि, वृत्तचित्र, सामाजिक सञ्जाल र अन्तर्राष्ट्रिय ट्राभल ब्लगर्स एवम् इन्फ्लुएन्सर्स परिचालन गरी आधुनिक सूचना प्रवाह प्रणाली विकास गर्न तथा कर्णालीमा पर्यटक आगमन दर, बसाइ अवधि र खर्च क्षमता अभिवृद्धि गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना र नागरिकको आयआर्जन वृद्धिमा ठोस योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन र खर्च विधि | यो कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न कार्यक्रम कार्यान्वयन गर्नु पूर्व मन्त्रालय र नेपाल पर्यटन बोर्डबीच कार्यक्षेत्र, बजेट अंश र जिम्मेवारी तथा सहकार्यका क्षेत्रहरु निर्धारण तथा औपचारिक समझदारी गरी विनियोजित बजेट बमोजिम देहायका मध्ये कुनै वा सबै क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ स्तरिय डिजिटल तथा दृश्य सामग्री उत्पादन गरी प्रमुख पर्यटकीय क्षेत्रहरूलाई समेटेर उच्च गुणस्तरका भिडियो वृत्तचित्र, प्रोमो, फोटो बैंक तथा डिजिटल ब्रोसर निर्माण गर्ने।<br>✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पर्यटन मेला, ट्राभल एक्सचेन्ज एवम् सेल्स मिसनहरूमा संयुक्त स्टलमार्फत गन्तव्यहरूको बजारीकरण गर्ने।<br>✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ट्राभल अपरेटर, टुर गाइड, भ्लगर र पर्यटन पत्रकारहरूलाई फेम ट्रिप मार्फत प्रत्यक्ष स्थलगत भ्रमण गराई मिडिया कभरेज विस्तार गर्ने।<br>✓ पर्यटन हाते पुस्तिका, पदमार्ग नक्सा तथा गन्तव्य प्रोफाइल प्रकाशन गरी विमानस्थल एवम् सूचना केन्द्रहरूबाट वितरण गर्ने तथा स्थानीय व्यवसायी र प्रमुख टुर अपरेटरहरूबीच प्याकेज निर्माणका लागि व्यावसायिक साझेदारी सञ्चालन गर्ने।<br>यो कार्यक्रममा विनियोजित रकम स्वीकृत लागत अनुमानको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **नयाँ पर्यटकिय गन्तव्य क्षेत्रको पहिचान तथा प्रचारको लागि सहयोग कार्यक्रम** |

| | |
|---|---|
| पृष्ठभुमी तथा उद्देश्यः | कर्णाली प्रदेशमा रहेका प्रचुर सम्भावनायुक्त तर हालसम्म ओझेलमा परेका एवम् व्यवस्थित प्रचारप्रसार हुन नसकेका नयाँ प्राकृतिक, सांस्कृतिक, पुरातात्विक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको खोजी तथा पहिचान गर्न, व्यावसायिक ट्राभल एजेन्सी, सञ्चारमाध्यम, इभेन्ट म्यानेजमेन्ट संस्था, वृत्तचित्र निर्माता तथा भ्लगर्सहरूसँगको साझेदारीमा उच्च गुणस्तरका डिजिटल सामग्रीहरू निर्माण एवम् प्रसारण गर्न र नयाँ गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार मार्फत आन्तरिक एवम् बाह्य पर्यटकहरूको आगमन वृद्धि गर्दै स्थानीय अर्थतन्त्र र रोजगारीमा टेवा पुर्‍याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया र खर्च विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा विनियोजित बजेट र स्वीकृत लागत अनुमानको आधारमा देहायका मध्ये कुनै वा सबै क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ स्थानीय तह र सरोकारवालासँग समन्वय गरी नयाँ प्राकृतिक, ऐतिहासिक एवं सांस्कृतिक स्थलहरूको स्थलगत अध्ययन, तथ्याङ्क संकलन र नक्साङ्कन गर्ने।<br>✓ पहिचान भएका स्थलहरूको आकर्षण, पहुँचमार्ग, आवास र मौलिक संस्कृति समेटेर उच्च गुणस्तरका भिडियो वृत्तचित्र, प्रोमो तथा भ्लग तयार गर्ने।<br>✓ उत्पादित दृश्य सामग्रीहरूलाई टेलिभिजन, सामाजिक सञ्जाल र अनलाइन ट्राभल प्लेटफर्ममार्फत रणनीतिक रूपमा व्यापक प्रचारप्रसार गर्ने।<br>✓ निजी क्षेत्रका ट्राभल तथा टुर अपरेटरहरूसँग सहकार्य गरी नयाँ गन्तव्यहरूको व्यावसायिक भ्रमण तालिका तयार गरी बजारीकरण गर्ने।<br>यो कार्यक्रममा विनियोजित रकम र स्वीकृत लागत अनुमानको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **पर्यटकीय क्षेत्रहरुको अवलोकन तथा भ्रमण** |
| पृष्ठभूमी तथा उद्देश्य | मन्त्रालय र सरोकारावाला समेतबाट प्रदेशभित्रका प्रमुख पर्यटकीय क्षेत्रहरूमा निर्मित पर्यटकीय पूर्वाधारको विद्यमान भौतिक अवस्था, उपयोगिता र व्यवस्थापकीय पक्षको स्थलगत अध्ययन तथा अवलोकन गरी स्थानीय जनप्रतिनिधि, पर्यटन व्यवसायी एवम् सरोकारवाला निकायहरूसँग सघन छलफल तथा अन्तरक्रिया मार्फत असल अभ्यास, सिकाइ र अनुभव आदानप्रदान गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन र खर्च विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा विनियोजित बजेट र स्वीकृत लागत अनुमानको आधारमा देहाय बमोजिम क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-<br>✓ अध्ययन तथा अवलोकन भ्रमण गरिने प्रमुख पर्यटकीय गन्तव्यको छनोट, विस्तृत भ्रमण कार्यतालिका स्वीकृति, सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायसँग पूर्व समन्वय तथा पूर्वाधार मूल्याङ्कनका लागि अवलोकन चेकलिस्ट र प्रश्नावली तयार गर्ने।<br>✓ निर्धारित स्थलहरूको भौतिक पूर्वाधारको प्रत्यक्ष निरीक्षण गर्ने, स्थानीय |

| | |
|---|---|
| | जनप्रतिनिधि, पर्यटन व्यवसायी र सञ्चालकहरूसँग अनुभव आदानप्रदानसहितको अन्तरक्रिया सञ्चालन गर्ने तथा चेकलिस्ट बमोजिम यथार्थपरक सूचना एवम् तथ्याङ्क संकलन गर्ने।<br>✓ संकलित तथ्याङ्क र अनुभवको विश्लेषण गरी भ्रमणका उपलब्धि, विद्यमान समस्या, सफल अभ्यास तथा कर्णाली प्रदेश अनुकूल सुधारका नीतिगत एवम् प्राविधिक उपायहरू समेटी प्रतिवेदन तयार गर्ने।<br>✓ प्रतिवेदनबाट प्राप्त निष्कर्ष र सिकाइलाई प्रदेशको पर्यटन विकास योजना, नीति तथा आगामी बजेटमा समावेश गर्न आवश्यक प्रशासनिक एवम् नीतिगत पहल गर्न सकिनेछ।<br>यो कार्यक्रममा विनियोजित रकम स्वीकृत लागत अनुमानको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **लिमि उपत्यका क्षेत्रको पर्यटकिय प्रवर्द्धन तथा प्रचारका लागि वृत चित्र निर्माण** |
| पृष्ठभूमी तथा उद्देश्य | हुम्ला जिल्लाको लिमि उपत्यकाको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, आध्यात्मिक तथा पदयात्राको सम्भाव्यतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया र खर्च विधि | यो कार्यक्रम लिमि उपत्यकाको प्राकृतिक सौन्दर्य, ऐतिहासिक विषयवस्तु तथा पदमार्गलाई समेट्ने गरी वृत्तचित्रको न्यूनतम प्राविधिक मापदण्ड (4K सिनेमाटिक गुणस्तर, ड्रोन फुटेज, अंग्रेजी/नेपाली भ्वाइसओभर, सब-टाइटल र समयसीमा) सहितको कार्यक्षेत्रगत शर्त र सोको लागत अनुमान तयारी तथा स्वीकृत गरी गराई प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्वीकृत लागत अनुमान र कार्यक्षेत्रगत शर्त बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **पर्यटन दशक कार्यक्रम** |
| पृष्ठभूमी तथा उद्देश्य | कर्णाली प्रदेशमा रहेका अद्वितीय प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा साहसिक पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारमा बृहत् ब्रान्डिङ, प्रवर्द्धन तथा व्यापक प्रचार–प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक आगमन दर, बसाइ अवधि र खर्च क्षमतामा उल्लेख्य वृद्धि गर्न, तोकिएको मापदण्डका आधारमा पर्यटकीय पूर्वाधारहरूको दिगो विकास एवं गुणस्तरीय आतिथ्य सेवा सुनिश्चित गर्न र पर्यटन क्षेत्रलाई स्थानीय उद्यमशीलता, मौलिक उत्पादन र रोजगारी सिर्जनासँग आबद्ध गर्दै प्रदेशको समग्र आर्थिक समृद्धिमा ठोस योगदान पुर्‍याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया र खर्च विधि | यो कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>✓ कर्णाली प्रदेशको पर्यटन गुरुयोजना समेतको आधारमा कार्यक्रम कार्यान्वयन |

| | |
|---|---|
| | गर्नुपूर्व गन्तव्य प्राथमिकीकरण, लागत साझेदारी अनुपात, डिजिटल ब्रान्डिङ तथा सेवा गुणस्तरका स्पष्ट सूचकहरू समेटिएको "पर्यटन दशक कार्ययोजना" तर्जुमा गरी प्रदेश सरकारबाट स्वीकृत गराउने।<br>✓ दशक रणनीतिका आधारमा प्रत्येक वर्ष सञ्चालन गरिने प्रमुख प्रवर्द्धनात्मक इभेन्ट्स, मेला-महोत्सव, पूर्वाधार योजना र क्षमता विकास तालिमको वार्षिक कार्यतालिका तयार गरी बजेट व्यवस्थापन योजना तयार गर्ने।<br>✓ नेपाल पर्यटन बोर्डसँग संयुक्त बजारीकरण, स्थानीय तहहरूसँग पूर्वाधार तथा होमस्टे सहलगानी र निजी क्षेत्र (होटल/ट्राभल व्यवसायी) सँग प्याकेजिङ तथा प्रचारप्रसारका लागि रणनीतिक समझदारी गर्ने।<br>✓ स्थानीय समुदायलाई होमस्टे सञ्चालन, रैथाने खाना प्रवर्द्धन, सरसफाइ, गाइड तथा आतिथ्य सत्कारसम्बन्धी तालिम सञ्चालन गरी पर्यटनमैत्री वातावरण निर्माण गर्ने।<br><br>यो कार्यक्रम उल्लेखित क्रियाकलापहरु समेत समावेश गरी पर्यटन दशक सञ्चालनका सम्बन्धमा स्वीकृत कार्ययोजना, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **पर्यटन व्यवसायी प्रवर्द्धन कार्यक्रम** |
| पृष्ठभुमी तथा उद्देश्यः | कर्णाली प्रदेशभित्र सञ्चालित पर्यटन व्यवसाय तथा आतिथ्य सेवाको गुणस्तर, स्वच्छता एवम् सुरक्षा मापदण्डमा समयानुकूल सुधार ल्याउन, युवा तथा महिला उद्यमीहरूलाई पर्यटन उद्यमशीलतामा आकर्षित गरी स्थानीय स्रोत-साधनको दिगो परिचालन मार्फत स्वरोजगारीका अवसरहरू सिर्जना गर्न, साहसिक, पदयात्रा एवम् ग्रामीण पर्यटन व्यवसायीहरूको प्राविधिक सीप, डिजिटल बजारीकरण र व्यावसायिक दक्षता अभिवृद्धि गर्न तथा कर्णालीका रैथाने खाना, मौलिक कला-संस्कृति एवम् परम्परागत उत्पादनहरूको प्रवर्द्धनमार्फत पर्यटन गतिविधिलाई स्थानीय अर्थतन्त्रसँग आबद्ध गरी नागरिकको आयआर्जन वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया र क्रियाकलापहरु | यो कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-<br>✓ स्थानीय युवा तथा गाइडका लागि ट्रेकिङ गाइड, रक क्लाइम्बिङ, रिभर गाइड (र्‍याफ्टिङ), पर्वतीय प्राथमिक उपचार र खोज तथा उद्धार तालिम सञ्चालन गर्ने।<br>✓ होटल तथा होमस्टे सञ्चालकहरूका लागि हाउसकिपिङ, फ्रन्ट डेस्क व्यवस्थापन, फुड सेफ्टी तथा हाइजिन, र कर्णालीका रैथाने परिकार पकाउने सीप विकास तालिम सञ्चालन गर्ने।<br>✓ अनलाइन बुकिङ प्रणाली, सामाजिक सञ्जाल बजारीकरण, टुर प्याकेजिङ, र वित्तीय व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>✓ प्रदेश, राष्ट्रिय तथा स्थानीय स्तरमा आयोजना हुने पर्यटन मेला, खाना महोत्सव तथा सांस्कृतिक उत्सवहरूमा कर्णालीका व्यवसायीहरूलाई स्टल भाडा, सजावट |

| | |
|---|---|
| | र ढुवानीमा सहयोग उपलब्ध गराउने।<br>✓ कर्णालीका मौलिक उत्पादनको प्रत्यक्ष प्रदर्शनी कार्यक्रम सञ्चालन गर्ने।<br>✓ पर्यटन व्यवसाय र कर्णाली प्रदेशमा पर्यटन प्रवर्द्धनका लागि योगदान पुऱ्याउने पर्यटन व्यवसायीलाई सम्मान तथा पुरस्कृत गर्ने। |
| कार्यक्रम सञ्चालन प्रक्रिया र खर्च विधि | कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका प्रक्रिया अवलम्वन गर्नु पर्नेछः-<br>१. कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको विस्तृत विवरण, योग्यता र मापदण्ड तोकी कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्ने,<br>२. प्रस्तावदाता व्यवसाय वा फर्मको योग्यता देहाय बमोजिम भएको हुनु पर्नेः-<br>✓ प्रचलित कानूनबमोजिम मन्त्रालय वा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको,<br>✓ कर्णाली प्रदेशभित्र भौतिक रूपमा व्यवसाय सञ्चालन गरिरहेको वा नयाँ युवा उद्यमको स्पष्ट व्यावसायिक कार्ययोजना भएको,<br>✓ दुर्गम क्षेत्र, महिला उद्यमी, परम्परागत सीप भएका स्थानीय र विपन्न वर्गलाई प्राथमिकता दिइनेछ।<br>३. सीप विकास तालिमहरू पर्यटन प्रशिक्षण प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड, वा सम्बन्धित विषयमा आधिकारिक मान्यताप्राप्त व्यावसायिक संस्था/प्रशिक्षकहरू मार्फत स्वीकृत कार्यक्षेत्रगत शर्तका आधारमा सञ्चालन गर्नु पर्ने।<br>४. मेला-महोत्सवमा सहभागी हुने व्यवसायी वा उद्यमी समूहलाई स्टल व्यवस्थापन खर्च बापत बढीमा पन्ध्र हजार रुपैयाँमा नबढ्ने गरी बिल-भरपाई र सहभागिता प्रमाणित भएपश्चात सोधभर्ना हुने गरी सहयोग प्रदान गर्न सकिने।<br>यो कार्यक्रम विनियोजित रकम विनियोजित रकम स्वीकृत लागत अनुमान र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **सुर्खेतबाट हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालिकोटमा हुने हवाई उडानमा सहुलियत** |
| पृष्ठभूमी र उद्देश्य | हिमाली जिल्लाका विमानस्थलमा नियमित हवाई उडान गर्दै दुर्गम क्षेत्रका नागरिकलाई सर्वसुलभ र सहज यातायात सेवा पुऱ्याउनुका प्रदेश राजधानीसँग भौगोलिक तथा प्रशासनिक पहुँच सुदृढ बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | मन्त्रालयबाट हवाई यात्रामा सहुलियत उपलब्ध गराउने सम्बन्धी कार्यविधि तर्जुमा गरी स्वीकृत कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| **कार्यक्रमको नाम** | **सुर्खेत विमानस्थलको स्तरोन्नतिको लागि साझेदारी** |
| पृष्ठभूमी र उद्देश्य | कर्णाली प्रदेशको प्रमुख हवाई प्रवेशद्वारका रूपमा रहेको सुर्खेत विमानस्थलको धावनमार्ग विस्तार, रात्रिकालीन तथा आधुनिक उडान उपकरण जडान, टर्मिनल भवनको स्तरोन्नति र पूर्वाधार विकासका कार्यहरू संघीय सरकारसँगको लागत साझेदारी, प्राविधिक समन्वय तथा पारस्परिक सहकार्यमा सञ्चालन गरी ठूला क्षमताका विमानहरूको नियमित एवम् सुरक्षित उडान-अवतरण सुनिश्चित गर्न, प्रदेशको हवाई सञ्जाललाई अन्तर-प्रादेशिक तथा |

| | |
|---|---|
| | राष्ट्रिय स्तरमा सुदृढ बनाउन र कर्णालीको समग्र आर्थिक, व्यापारिक एवम् पर्यटन विकासमा टेवा पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | नेपाल सरकारको सम्बन्धित मन्त्रालय र प्रदेश सरकारबीच लागत साझेदारीको हिस्सा र कार्यविभाजन सहितको समझदारी गरी सम्झौता बमोजिम प्रदेशको वित्तीय हिस्साको रकम प्रचलित कानून बमोजिम खर्च गरिनेछ। |

## खण्ड (घ)

## उद्योग, वाणिज्य, आपूर्ती तथा उपभोक्ता हित संरक्षणका कार्यक्रम कार्यान्वयन विधि

| | |
|---|---|
| **कार्यक्रमको नामः** | **स्थानीय कच्चा पदार्थमा आधारित सिप विकास तालिम** |
| पृष्ठभूमी तथा उद्देश्य | लघु, घरेलु तथा साना उद्योगको स्थापना, विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक पर्ने उद्योग तथा व्यवसायसँग सम्बन्धित सिपमुलक तालिम प्रदान गरी व्यवसाय सञ्चालन एवम् स्वरोजगार हुन चाहने लाभग्राहीहरुलाई स्थानीय कच्चा पदार्थमा आधारित, प्रविधि तथा बजार माग, परम्परागत सिप तथा निर्माण सेवामा आधारित ज्ञान, सिप प्रदान गरी रोजगार हुन सक्ने क्षमताको विकास गराउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम कार्यान्वयन गर्दा कार्यालयले मन्त्रालयबाट स्वीकृत सिप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८, तथा उद्यमशिलता विकास तालिम सञ्चालन दिग्दर्शन, २०७८ को प्रक्रिया पुरा गरी सञ्चालन गर्नु पर्नेछ। यो कार्यक्रम मार्फत भौगोलिक रुपमा पीछडिएको जिल्ला (जुम्ला, मुगु, हुम्ला, डोल्पा, कालिकोट) का लाभग्राही बढी मात्रामा सहभागी गराउने उद्देश्यका साथ उल्लिखित जिल्लाको हकमा प्रशिक्षार्थी खाजा खर्च वापत प्रति व्यक्ति प्रति कार्यदिन दुई सय रुपैयाका दरले उपलब्ध गराउन सकिनेछ। |
| **कार्यक्रमको नामः** | **निजी रोजगारदातासँगको सहकार्यमा सीप विकास तालिम** |
| पृष्ठभुमी तथा उद्देश्य | सरकारी क्षेत्र र निजी क्षेत्रको सहकार्यमा रोजगारी तथा आत्मनिर्भरता बढाउने उद्देश्यले सीप विकास गरी उद्योग, निर्माण, कृषि, पर्यटन, सूचना प्रविधि र सेवा क्षेत्रका लागि सीपयुक्त जनशक्तिको माग र आपूर्तिमा सन्तुलन ल्याउने वा मौजुदा जनशक्तिको क्षमता अभिवृद्धी गरी नवप्रवर्तनशील तथा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम कार्यान्वयन गर्न देहायका प्रक्रिया अवलम्वन गरिनेछः-<br>✓ प्रविधिमा आधारित तथा स्थानीय स्तरमा आवश्यक सीपका सम्बन्धमा आवश्यकता पहिचान गर्ने,<br>✓ रोजगारदाता छनौटका लागि आवश्यक मापदण्ड निर्धारण गरी कार्यालय मार्फत तालिम दिन वा लिन इच्छुक निजी रोजगारदाता छनौट गर्ने,<br>✓ प्राप्त मागका आधारमा तालिमका विषय तथा प्रशिक्षार्थीहरुको समुहकरण गरी सोही बमोजिम प्रशिक्षण सामग्री, प्रशिक्षक, पाठ्यक्रम तथा समयाअवधि निर्धारण गर्ने,<br>✓ पाठ्यक्रम र तालिम तालिका अनुसार सिप विकास तालिम दिने,<br>✓ तालिम प्राप्त व्यक्तिहरुको अभिलेख अद्यावधिक गर्ने, अद्यावधिक अभिलेख प्रकाशन गर्ने र सम्भावित रोजगारीका लागि परामर्श प्रदान गर्ने,<br>✓ उपलब्ध गराईएको तालिमको विवरण र तालिम प्राप्त व्यक्तिहरुको विवरण |

| | |
|---|---|
| | सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने।<br>यो कार्यक्रम सञ्चालनका गर्दा निजी क्षेत्रसँग गरिने सहकार्यको हकमा, मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ बमोजिम गर्नु पर्नेछ। निजी रोजगारदाता छनौटका लागि प्रस्ताव आव्हान गर्दा प्रस्तावदाता उपलब्ध नभएमा उक्त कार्यक्रममा विनियोजित रकमबाट आवश्यकता वा बजार मागमा आधारित सिप विकास तालिम सञ्चालन गर्न बाँधा पर्ने छैन। |
| **कार्यक्रमको नामः** | **मेला महोत्सव प्रवर्धन** |
| पूष्ठभुमी तथा उद्देश्य | स्थानीय स्तरमा सञ्चालित लघु, घरेलु, साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन गर्दै कृषि, वन, पर्यटन तथा हस्तकलाजन्य उद्यमबाट उत्पादित वस्तु तथा सेवाको व्यावसायिक विकास गर्न, उद्यमीहरूबीच सीप, प्रविधि, अनुभव एवम् बजारसम्बन्धी सूचना आदानप्रदानलाई सहजीकरण गर्न तथा स्थानीय उत्पादनहरूको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गरी दिगो रोजगारी सिर्जना र नागरिकको आयआर्जन अभिवृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन र खर्च विधि | यस कार्यक्रममा विनियोजित रकम स्थानीय उत्पादन प्रदर्शनी मेला, औद्योगिक प्रदर्शनी, उद्यमशीलता, नवप्रवर्तन तथा स्टार्टअप एक्स्पोजस्ता मेला, महोत्सव एवं प्रदर्शनी आयोजना गर्न वा त्यस्ता कार्यक्रममा सहभागिताका लागि सहयोग गर्ने प्रयोजनमा खर्च गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत स्टल व्यवस्थापन, ढुवानी, यातायात, आवास तथा खानपानलगायतका शीर्षकमा नियमानुसार खर्च बेहोर्न सकिनेछ। यस कार्यक्रमबाट आर्थिक वा भौतिक सहयोग प्राप्त गर्ने उद्यमी, उद्योगी वा नवप्रवर्तनकर्ताले कार्यक्रम सम्पन्न भएपछि तोकिएको अवधिभित्र कार्यक्रम सञ्चालन एवम् उपलब्धीसहितको विस्तृत प्रतिवेदन सम्बन्धित निकायसमक्ष अनिवार्य रूपमा पेस गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **बजार अनुगमन** |
| पूष्ठभुमी तथा उद्देश्यः | उपभोक्ताले पाउनु पर्ने गुणस्तरीय वस्तु तथा सेवा, मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन, उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी, नोक्सानी वापतको क्षतिपूर्ती जस्ता बिषयको सुनिश्चतताका लागि उपभोक्ता हित संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम बजार अनुगमनका कार्य गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम कर्णाली प्रदेश बजार अनुगमन समितिको निर्णयानुसार सञ्चालन हुनेछ। यस कार्यक्रममा विनियोजित रकम प्रदेश बजार अनुगमन समितिबाट गठित जिल्ला बजार अनुगमन समितिका अतिरिक्त सम्बन्धित कार्यालयले आकस्मिक रुपमा गर्ने व्यवसाय अनुगमनका कार्यमा समेत खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **औद्योगिक प्रदर्शनी स्थान पहिचान तथा सञ्चालन पूर्व तयारी कार्यक्रम** |

| | |
|---|---|
| पृष्ठभूमी तथा उद्देश्य | कर्णाली प्रदेशमा स्थानीय उत्पादनहरूको प्रदर्शनी तथा बजारीकरणका लागि अस्थायी संरचनाको निर्भरता अन्त्य गर्दै स्थायी औद्योगिक प्रदर्शनी स्थल निर्माण गर्न उपयुक्त जग्गा पहिचान, प्राविधिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तथा लागत अनुमान तयार गरी पूर्वाधार विकासको ठोस आधार निर्माण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन र खर्च विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-<br>✓ मन्त्रालय र सरोकारवाला निकायहरु समेतको सहभागितामा औद्योगिक प्रदर्शनी स्थल सञ्चालन हुन सक्ने सम्भावित स्थलहरु पहिचान गर्ने,<br>✓ पहिचान भएको स्थलका लागि आवश्यक प्रदर्शनी हल, खुला स्टल, पार्किङ तथा प्रशासनिक भवन समेतको संक्षिप्त गुरुयोजना तथा लागत अनुमान तयार गर्ने,<br>✓ प्रदर्शनी स्थलको दिगो सञ्चालनका लागि सार्वजनिक-निजी साझेदारी (PPP) वा उपयुक्त व्यवस्थापन ढाँचा तर्जुमा गरी मन्त्रालयको योजना प्रणालीमा अभिलेखीकरण गरी बहुवर्षीय आयोजना निर्माणको ठोस आधार तयार गर्ने।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गरी निर्धारित क्रियाकलापमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **उद्योग प्रशासन सम्बन्धी अन्तरक्रिया छलफल** |
| पृष्ठभूमी तथा उद्देश्य | उद्योग प्रशासनसँग सम्बन्धित विद्यमान कानूनी व्यवस्थाहरूबारे सरोकारवालाहरूलाई अभिमुखीकरण गरी उद्योग दर्ता, नामसारी, ठाउँसारी, दस्तुर तथा नियमन प्रक्रियामा देखिएका अस्पष्टता, दोहोरोपना र कानूनी एवम् प्रशासनिक झन्झटहरूको पहिचान गर्न तथा सरोकारवाला निकायहरूसँग सघन छलफल एवम् अन्तरक्रिया गरी उद्योगमैत्री वातावरण निर्माणका लागि आवश्यक नीतिगत, कानूनी तथा कार्यविधिगत सुधारका ठोस सुझावहरू प्राप्त गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया र खर्च विधि | यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गरी अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिनेछ। |
| **कार्यक्रमको नाम** | **उपभोग्य वस्तुको आपूर्ती व्यस्थापन सम्बन्धी सूचना सङ्कलन तथा प्रकाशन** |
| पृष्ठभूमी तथा उद्देश्य | कर्णाली प्रदेशभित्र उपभोग्य वस्तुको आपूर्ति व्यवस्थापन प्रणालीलाई सक्षम, प्रभावकारी र पारदर्शी बनाउन तथा खाद्यान्न, पेट्रोलियम पदार्थ, दैनिक उपभोग्य वस्तु तथा अन्य महत्वपूर्ण वस्तुको मौज्दात सम्बन्धी सूचना समयमै उपलब्ध गराउन आपूर्ति व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्कको नियमित र प्रमाणित संकलन गर्ने, मौज्दातको प्रक्षेपण गरी सम्भावित अभाव वा बढी भएको अवस्थाको पहिचान गर्ने र आपूर्ति व्यवस्थापनमा सूचना अद्यावधिक गरी नियमित प्रकाशन गरी विपद्, आपत्कालिन अवस्था |

| | |
|---|---|
| | वा आपूर्ति संकटको अवस्थामा समयमै पूर्वसूचना प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया र खर्च विधि | यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यहरु गर्न सकिनेछः-<br>✓ आपूर्ती सम्बन्धी सरकारी तथा गैरसरकारी निकायहरुबाट तथ्याङ्क लिने,<br>✓ सङ्कलित तथ्याङ्कलाई प्रदेश आपूर्ति व्यवस्थापन सम्बन्धी सूचना प्रणाली बनाई प्रविष्ट गर्ने,<br>✓ चौमासिक वा वार्षिक "प्रदेश आपूर्ति अवस्था प्रतिवेदन" प्रकाशन गर्ने,<br>✓ प्रतिवेदन प्रदेश सरकारको वेबसाइट, सामाजिक सञ्जाल र मिडियामा उपलब्ध गराउने। |
| खर्च विधि | यस कार्यक्रमको लागि विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **उपभोक्ता हित सम्बन्धी सचेतनामूलक कार्यक्रम** |
| पृष्ठभुमी तथा उद्देश्यः | उपभोक्ताले पाउनु पर्ने गुणस्तरीय वस्तु तथा सेवा, उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी, नोक्सानी वापतको क्षतिपुर्ती जस्ता विषयमा सूसुचित गराउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | सम्बन्धित कार्यालयले बजेट उपलब्धताका आधारमा यो कार्यक्रम सञ्चालन गर्न देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-<br>✓ स्थानीय स्तरमा सार्वजनिक छलफल, बहस वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>✓ शिक्षालय वा विद्यालय स्तरीय विभिन्न प्रतिस्पर्धात्मक प्रतियोगिता तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>✓ सचेतामूलक पोष्टर, पम्प्लेटिङ्ग, व्यानरिङ्ग, वाल पेन्टिङ्ग, सूचना प्रशारण, श्रव्यदृष्य सामग्री निर्माण, सामाजिक सञ्जाल मार्फत सूचना बुष्टिङ्ग।<br>उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा सो अन्तरगत गर्नुपर्ने सहायक क्रियाकलाप, सहभागी वा समन्वय गर्ने क्षेत्र कार्यालयले निर्धारण गरी यस कार्यक्रममा विनियोजित रकम सार्वजनिक खरिद ऐन तथा नियमावली तथा कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **साना तथा मझौला उद्योग व्यवसाय सञ्चालनको लागि व्याज अनुदान** |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया | साना तथा उद्योग व्यवसाय सञ्चालनको लागि व्याज अनुदान सम्बन्धि कार्यविधि बमोजिमको कार्यान्वयन गर्नु पर्नेछ। |

| | |
|---|---|
| **कार्यक्रमको नाम** | **उद्यमीहरुका लागि उपयुक्त प्रविधि हस्तान्तरण** |
| पृष्ठभूमी र उद्देश्य | परम्परागत उत्पादन तथा सेवा प्रणालीलाई आधुनिक, प्रविधिमैत्री र प्रतिस्पर्धी बनाउन आवश्यक मेसिनरी औजार उपकरण तथा आवश्यक सामाग्री खरिद र हस्तान्तरण गरी उद्यमशीलता विकास, सिप विकास तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | सिप प्राप्त गर्ने नँया उद्यमीलाई सिप सिकाई प्रविधी/सामाग्री हस्तान्तरण गर्ने कार्यमा यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ। यसमा, विनियोजित बजेटको बढीमा चालिस प्रतिशत रकम प्रयोग गर्न सकिनेछ। सो प्रयोजनार्थ, प्रविधी/सामाग्रीको खरिद, प्रयोग एवम् हस्तान्तरणको कार्य मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ बमोजिम गर्नु पर्नेछ। शेष रकमको हकमा, प्रति लाभग्राही दुई लाखमा नबढ्ने गरी लागतको ५०% सहयोग उपलब्ध गराइनेछ।उल्लेखित बाहेक मन्त्रालयको "उद्यमीहरुको लागि उपयूक्त प्रविधी हस्तान्तरण कार्यक्रम सञ्चालन विधि, २०७८" बमोजिम कार्यान्वयन गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **Business Incubation प्रवर्धन कार्यक्रम** |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम विजनेश इन्क्युवेशन सेन्टर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **होमस्टे प्रवर्धन सहयोग कार्यक्रम** |
| पृष्ठभूमी र उद्देश्य | ग्रामिण भेगमा होमस्टेको माध्यमबाट पर्यटनको विकास, पर्वद्धन, संरक्षण र विकास गर्न, पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँच भित्र ल्याउन यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम चालु प्रकृतिको बजेट उपशीर्षकबाट विनियोजन भएको हकमा कार्यालयले असल अभ्यास तथा सिकाइका लागि अवलोकन भ्रमण, डिजिटल मार्केटिङसम्बन्धी अभिमुखीकरण, श्रव्य-दृश्य सामग्री निर्माण एवम् प्रसारणलगायतका होमस्टे प्रवर्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नेछ भने पुँजीगत प्रकृतिको बजेट उपशीर्षकबाट विनियोजित भएको हकमा कुल लागतको ५० प्रतिशत वा प्रति लाभग्राही अधिकतम रु. १ लाखमा नबढ्ने गरी सहयोग उपलब्ध गराउन सक्नेछ।<br><br>यो कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव आव्हान तथा छनौट देहाय बमोजिम गर्नु पर्नेछः-<br>• कार्यालयले प्रस्ताव आव्हानको लागि पन्ध्र दिने सूचना प्रकाशन गर्ने,<br>• लाभग्राहीको हकमा दुरदराजमा सञ्चालित सामुदायिक होमस्टेलाई प्राथमिकता दिनु पर्ने,<br>• उल्लेखित बाहेकको हकमा मन्त्रालयबाट स्वीकृत मापदण्ड तथा कार्यविधि बमोजिम गर्नु पर्नेछ। |

| | |
|---|---|
| खर्च विधि | यस कार्यक्रमको लागि विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **पर्यटकिय सिप विकासका लागि होमस्टे, होस्पिटालिटी, गाइड, कुक, भाषा संस्कृती, पारागलाईडिङ्ग, ऱ्याफटिङ्ग / होस्पिटालिटी, गाईड, कुक, भाषा** |
| पृष्ठभूमी र उद्देश्य | कर्णाली प्रदेशमा पर्यटन व्यवसायलाई मर्यादित, सुव्यवस्थित एवम् दिर्घकालिन बनाउन कर्णाली प्रदेशमा रहेका होटल व्यवसायी, पर्यटन व्यवसायी र त्यँहा काम गर्ने कर्मचारीलाई अतिथि सत्कार, पर्यटकीय स्थलको महत्व बारेमा जानकारी गराउने उद्देश्यले यी कार्यक्रमहरु राखिएका छन्। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | ✓ कार्यालयले आवश्यकता पहिचान गरी बजेट उपलब्धताका आधारमा एक वा एक भन्दा बढी सीप विकास तालिम सञ्चालन गर्न सक्नेछ।<br>तर, कार्यक्रम सञ्चालनको विषय पर्यटन प्रवर्द्धनसँग सम्बन्धित व्यवसायमा मात्र केन्द्रित रहनेछ।<br>✓ यो कार्यक्रम कार्यालय आफै सञ्चालन गर्नुपर्ने हकमा मन्त्रालयको सीप विकास तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ बमोजिम गर्नु पर्नेछ। खरिद प्रक्रिया मार्फत गर्नुपर्ने भए कर्णाली प्रदेश खर्च मापदण्ड तथा प्रचलित खरिद ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया अवलम्वन गरी गर्नु पर्नेछ।<br>तर, कार्यालयले आफै सञ्चालन गर्न नसक्ने यथोचित कारण नभई खरिद प्रक्रिया मार्फत गर्न सकिने छैन्। |
| **कार्यक्रमको नाम** | **उद्योग प्रवर्धनका कार्यक्रम (कुटानी पिसानी मिल ठुली भेरी नगरपालिका र चुली प्रशोधन उद्योग स्थापना नाम्खा गा.पा.५, हुम्ला)** |
| पृष्ठभूमी र उद्देश्य | कर्णाली प्रदेशका हिमाली तथा दुर्गम क्षेत्रमा उपलब्ध स्थानीय कृषि उपज तथा प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्दै ठुलीभेरी नगरपालिकामा परम्परागत पानीघट्टको संरक्षण एवं आधुनिक कुटानी-पिसानी मिल सञ्चालन गरी स्थानीयस्तरमै प्रशोधन सेवा उपलब्ध गराउन तथा हुम्लामा बहुमूल्य स्थानीय फल चुली प्रशोधन उद्योग स्थापना गरी खेर गइरहेको कच्चा पदार्थको मूल्य अभिवृद्धि, ब्रान्डिङ एवम् बजारीकरणमार्फत स्थानीय कृषकहरूको आयआर्जन वृद्धि, रोजगारी सिर्जना र ग्रामीण उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | यो कार्यक्रम मार्फत उद्योग स्थापनाका लागि यन्त्र, उपकरण, मेसिनरी जस्ता प्रविधि व्यवस्थापनका लागि कर्णाली प्रदेश अनुदान कार्यविधि नियम, २०७७ तथा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अवलम्वन गरी कार्यान्वयन गर्नु पर्नेछ। |